महाधिवेशन तयारीमा जुट्न अध्यक्ष नेपालको निर्देशन | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २९३ • २०८० साल चैत्र ७ गते बुधबार (20 March, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्री यादवलाई थप दुई मन्त्रालयको जिम्मेवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका नवनियुक्त भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवलाई थप दुई मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

सोमबार भौतिक पूर्वाधार विकास मन्त्रालयमा पदबहाली भएपछि मंगलबार मुख्यमन्त्री सरोजकुमार यादवले एमालेको फाँटमा परेको गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समेत जिम्मेवारी दिइएको प्रदेश प्रमुखको कार्यालयका निमित सचिव सत्रुधन यादवले जनाएका छन् ।

थप मन्त्रालयको जिम्मेवारी पाएलगत्तै नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेतासमेत रहेका मन्त्री सरोजकुमार यादवले गृह, सञ्चार तथा कानुन मन्त्रालयमा पुगी पदको कार्यभार सम्हालेका छन् ।

एमालेले मन्त्रीको नाम सिफारिस नहुँदासम्म उनले नै तीन वटै मन्त्रालय सम्हाल्ने भएका छन् ।

### पाँच दलीय गठबन्धनको प्रतिबद्धता

# भ्रष्टाचार शून्य सहनशीलता, छरितो सेवा र सुशासन

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय गठबन्धनले भ्रष्टाचारलाई न्यून गर्ने, छरितो सेवा दिएर सुशासन कायम गर्ने प्रतिबद्धता जनाएको छ ।

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा मङ्गलबार आयोजित कार्यक्रममा 'निराशा चिर्दै, भरोसा जगाउँदै' लैजाने प्रतिबद्धतासहित पाँच दलीय गठबन्धनले न्यूनतम कार्यक्रम सार्वजनिक गरेकोछ ।



'अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने' उल्लेखगर्दै सुस्त कर्जा प्रवाह र पुँजीगत सार्वजनिक खर्चको न्यूनताजस्ता समस्याको समाधान गर्ने, वित्तीय र मौद्रिक नीतिबीच समन्वय गर्दै, तत्कालीन र मध्यकालीन लगानी र रोजगार-मैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानुनहरू संशोधन गर्ने गठबन्धनले प्रतिबद्धता जनाएको छ ।

शेयर बजारलाई नीतिगत सुधारमार्फत चलायमान बनाउने, हरित वित्तको परिचालन, १५औं आवधिक योजनाको वस्तुनिष्ट मूल्याङ्कन गरी १६औं आवधिक योजना कार्यान्वयनमा ल्याउने, वित्तीय संस्थालाई विसङ्गति मुक्त बनाउने, सहकारी, लघुवित्तका समस्या समाधान गर्ने लक्ष्य सङ्कल्पमा राखिएको छ ।

सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीको रूपमा रहेको राजश्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजश्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गर्ने पनि पाँच दलको सङ्कल्प छ ।

'वित्तीय क्षेत्रमा देखिएको विसंगति मुक्त गर्ने प्रतिबद्धता जनाउँदै गठबन्धनले अगाडि भनेको छ, 'वित्तीय संस्थाहरूमा उत्पन्न समस्या समाधान गर्न विभिन्न समयमा गठित आयोगहरूका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै सहकारी, लघुवित्त संस्था एवं अनुचित लेनदेनसम्बन्धी समस्या समाधान गरिनेछ ।

नेपाल राष्ट्र बैंकबाट छोटो अवधिको पुनरकर्जा उपलब्ध गराउने तथा हाललाई बचत तथा ऋण कारोबार गर्ने संस्थाको दर्ता र कार्यक्षेत्र विस्तार अनुमति तथा सेवा केन्द्र स्वीकृति बन्द गर्ने पाँच दलले घोषणा गरेकोछ ।

गठबन्धनमा रहेका पाँच दल नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), जनता समाजवादी पार्टी( जसपा) र नेकपा एसका शीर्ष नेताहरुको उपस्थितिमा सार्वजनिक गरिएको प्रतिबद्धता पत्रमा समावेशिता, धर्मनिरपेक्षता सहित सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएकोछ ।

'आम नागरिकलाई सहज र छरितो ढङ्गबाट निष्पक्ष न्यायको सुनिश्चितता गर्न न्यायपालिकाको संरचनागत सुधारका लागि सुझाव तथा सिफारिस गर्न उच्चस्तरीय आयोग गठन गर्ने', सार्वजनिक सङ्कल्पमा उल्लेख गरिएको छ ।

'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'को रूपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनी रूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरूमा जबाफदेहिता सुनिश्चित गर्ने पनि पाँच दलले जनाएका छन् । 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने'प्रतिबद्धता पत्रमा उल्लेख छ ।

'अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने',साझा सङ्कल्पमा उल्लेख छ ।

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने पाँच दलले जनाएका छन् ।

सबैको समान पहुँच भएको, राष्ट्र, समाज तथा जीवनसँग जोडिएको र समय अनुरूप अनुमोदित हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गर्दै 'उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने पनि पाँच दलको साझा सङ्कल्प पत्रमा उल्लेख छ ।

'मौलिक हकको रूपमा रहेको स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गर्ने । श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रूपमा स्थापित गर्ने । मजदुर, किसान, श्रमजीवी र विपन्न वर्गलाई समृद्धिको केन्द्रमा राख्ने', पाँच दलले भनेका छन् ।

त्यस्तै विश्वविद्यालयहरूमा विद्यमान समस्याको तत्काल समाधान गरी उच्चशिक्षाका निम्ति विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने । शिक्षा र रोजगारीको बीचमा सन्तुलन कायम गर्ने सत्तारुढ पाँच दलको भनाइ छ । निर्माणाधीन पूर्वाधार आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिने र सम्पन्न भइसकेका आयोजनाहरूको तत्काल भुक्तानी गर्ने व्यवस्था मिलाउने र समयमै कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीहरूको लाइसेन्स खारेज गरी क्षतिपूर्ति असुल गर्ने पनि पाँच दलको साझा सङ्कल्पको विषय बनेको छ । 'परियोजनाहरूको छनौट, खरिद, मोडालिटी र कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय पूर्वाधार योजना सँगै 'राष्ट्रिय प्राथमिकता प्राप्त केही आयोजनाको द्रुततर निर्माणसम्बन्धी ऐन (सनसेट-ल)' संसदको यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गर्ने', साझा सङ्कल्पमा दलहरूले भनेका छन् ।

चुरेको संरक्षणमा जोड दिँदै 'वातावरण नबिग्रिने, विकास पनि नरोकिने' विधि अपनाउने पनि पाँच दलले जनाएका छन् भने विपद् जोखिम न्यूनीकरण तथा विपद् पूर्वसूचना प्रणालीलाई सुदृढ बनाई जनधनको क्षति हुनबाट जोगाउने जनाएका छन् ।

नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई केन्द्रबिन्दुमा राख्ने गठबन्धनले प्रतिबद्धता जनाएका छन् । 'संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिको मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने' प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ ।









मिथिलाको महाकुम्भ मानिने मिथिला विहारी परिक्रममा शिवभक्तको रुपमा सजिएका परिक्रमा यात्री । *तस्विर : संजय यादव*

# आरती साह मृत्यु प्रकरणमा गृहमन्त्रीको विरुद्धमा प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । गृहमन्त्री रवि लामिछाने विरुद्ध जनकपुरधाममा प्रदर्शन गरेको छ । जनकपुरधाममा मंगलबार आरती साह मृत्यु प्रकरणमा गृहमन्त्री लामिछानेको विरुद्धमा प्रदर्शन गरेको छ ।

गृहमन्त्री लामिछानेले आरती साहको श्रीमान, देवर, ससुरा र सासुमाथि झुठा मुद्दामा फसाउन खोजेको भन्दै उनको विरुद्धमा प्रदर्शन गरेको जनाएको छ । शंकास्पदरुपमा मृतक आरती साहको श्रीमान, देवर, ससुरा र सासुलाई प्रहरीले दश महिना पछि पुनः पक्राउ गरेको भन्दै विरुद्धमा प्रदर्शन गरेको आरती साहका ससुरा पक्षधरका मदनमोहन साहले बताए ।

आरती साह मृत्यु प्रकरणमा सर्वोच्च अदालतले केहीलाई साधारण तारेखमा रिहा गरेको र केही पुर्पक्षका लागि कारागारमा रहिरहेको अवस्थामा गृह मन्त्रालयले झुठा मुद्दामा पुनः धरपक्कड गरेको भन्दै विरोध प्रदर्शन गरेको उनले बताए । आरती साहका माइती पक्षबाट आमा, बुवा बहिनी र भाईले गृह मन्त्रालयमा जाहेरी दिएको आधारमा पक्राउ गरेर पुनः मुद्दा चलाउन खोजेको भन्दै उनले आफुहरुले तत्काल रिहाइको माग गर्दै प्रदर्शन गरेको प्रस्ट्याए ।

आइतबार जिल्ला प्रहरी कार्यालय धनुषाले सो घटनाका आरोपित सासु रेणु साहलाई पक्राउ गरेको थियो ।



धनुषा प्रहरीले आरतीका आरतीका श्रीमान मोतीबाबु साह, देवर रवि साह र ससुरा मदनमोहन व्याहुत सुँडीलाई समेत पक्राउ गरेको थियो ।

गत जेठ ७ गते आफ्नै घरमा आरती झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । दाइजोको कारण ससुरा पक्षले आरतीको हत्या गरेको भन्दै माइती पक्षले निरन्तर आन्दोलन गर्दै आएको थियो । आरतीको माइती पक्षले श्रीमान, देवर, ससुरा लगायतले हत्या गरि झुण्ड्याएको आरोप लगाउँदै आएको थियो ।

तर असोज १८ गते उच्च अदालत जनकपुरले थुनामा रहेका दुबैजनालाई साधारण तारेखमा रहने गरि रिहा गरेको थियो । उच्च अदालतले दिएको सो आदेशको विरूद्धमा आरतीको परिवारजनले सर्वोच्च अदालत मुद्दा दायरसमेत गरेको थियो । काठमाण्डुस्थित माइतीघरलगायत विभिन्नस्थलमा १० महिनासम्म निरन्तररुपमा आरतीका आमा, बुवा र बहिनी करिब १० महिनासम्म धर्नामा बस्दै आएको थियो ।

# जोगिराले गुञ्जायमान मिथिला

**टुडे समाचारदाता**

जलेश्वर । रङ र अबिरको पर्व होलीको दिन नजिकिँदै गर्दा अहिले मिथिलाको प्रत्येक गाउँ/शहर होलीको गीत (जोगिरा)ले गुञ्जायमान हुन थालेको छ । नेपालका मधेश र भारतको विहार राज्यको अधिकांश जिल्ला समेटिएर बनेको मिथिला क्षेत्रमा अहिले साँझ पर्नेबित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थालेको छ भने चारैतिर जोगिरा (होली गीत)को धुन सुनिन थालेको छ ।

उमेरले ६० पुग्न आँटेका जलेश्वर नगरपालिका-८ बजराही गाउँका विपेन्द्र पाण्डे अहिले साँझ पर्नासाथ आफ्ना घरबाट हातमा डम्फू समातेर गाउँको चौबाटोस्थित मिलन चोकमा पुग्ने गर्छन् । त्यस्तै गाउँको उत्तरबारी टोलबाट हारमुनियम लिँदै स्थानीय ५५ वर्षीय रामदेव महरा पनि सूर्यास्त हुनासाथ सोही चोकमा पुग्छन् । यी दुवै जनाको आगमन भइसकेको खबर पाउनासाथ गाउँको पछियारी टोलबाट ४४ वर्षीय मोहन साह पनि आफ्नो घरबाटै दुवै हातले झ्याली पिट्दै मिलन चोकमा पुग्ने गर्छन् भने गाउँको पूर्वारी टोलबाट ७० वर्षीय गौरी चौधरी पनि ढोल बजाउँदै सो चोकमा आइपुग्ने गर्छन् ।

विभिन्न वाद्यवादनका साथ मिलन चोकमा आइपुग्ने यी चारजनाबाहेक गाउँकै लोकगायक अरुण पाण्डे, धीरेन्द्र चौधरी, आशनारायण मण्डलसहित अन्य थुप्रै व्यक्ति पनि साँझको दियो बल्ने बित्तिकै मिलन चोकमा जम्मा हुने गर्दछन् । आपसी भाइचारा, प्रेम सद्भाव, सुख दुःख साटासाट गर्न र पुस्तौँदेखि चल्दै आइरहेको होलीगीत (जोगिरा)को संरक्षण र प्रवर्द्धनका लागि अहिले दैनिकरुपमा जम्मा हुने गरेका छन् ।

बजराही गाउँमा अहिले साँझको सात बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थाल्छन् । होलैयाहरु (जोगिरा गाउने) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँको टोलटोलमा आ-आफ्ना घरआँगनमा बसिरहेका जोकोही पनि प्रसन्न एवम् खुसी हुने गर्दछन् । होलैयाहरुले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका बाजा लिएर विभिन्न धुन र सङ्गीतको सृजना गर्दै सुरु गरेका जोगिरा राति ११/१२ बजेसम्म निरन्तररुपमा चलिरहन्छ ।



विभिन्न प्रकारका गीत, चुटकिला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा बाक्य र शब्दलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्दछ भने जोगिराका क्रममा हुने नाच र गान समेतमा ठूलो संख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) अरुण पाण्डेले बताए ।

जलेश्वर नगरपालिका-८ बजराही गाउँका जोगिराटोली निकै चर्चित छ । यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको समावेशिताले यसलाई झन् अद्भुत बनाइदिएको स्थानीय मुसलिम अगुवा सकुर राइनको बुझाइ छ ।

हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यतालाई सदरमुकाम जलेश्वर नगरपालिका-८ बजराही गाउँमा गलत साबित गर्दै स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवा अगाडि बढेको नेपाली कांग्रेसका स्थानीय युवा नेता अनिल पाठक बताउछन् । वर्षौंदेखि यहाँका मुस्लिम हिन्दूको पर्वमा र हिन्दूहरु मुस्लिमको चाडपर्व एकसाथ मनाउँदै आएको उनको भनाइ छ ।

होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवा देश परदेशबाट आ-आफ्नो गाउँ फर्किएको वडा नं ७ का वडाध्यक्ष रामछविला यादव बताउछन् । जोगिराको धुनले अहिले रातभरि गाउँलेलाई नसुत्ने बनाएको उनको भनाइ छ । मिथिला क्षेत्रसहित सम्पूर्ण देशकै लागि खुसी र उमङ्गको पर्व होलीलाई निम्ता दिँदै युवा, वयस्क तथा वृद्धसमेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएको स्थानीय जीतेन्द्र शर्माले बताए ।

स्थानीय शिवचन्द्र कापरका अनुसार यस वडामा अहिले कतिबेला साँझ पर्ने र कतिबेला होलैया आएर जोगिरा सुरु गर्ने प्रतिक्षामा घरघरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धासमेत बसिरहेका हुन्छन् भने जोगिरा सुरु हुने बित्तिकै प्रत्येक घरघरबाट निस्केर सबैजना होली गीत सुन्नका लागि चोकसम्म पुग्ने गर्दछन् ।

देश, विदेशमा बस्दै आएका सम्पूर्ण मिथिलाञ्चलवासीलाई मन पर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका-७ बनौली गाउँमा पनि निकै धुमधामका साथ गाइने तथा सुन्ने गरिएको स्थानीय सञ्चारकर्मी एवं होलैया रहेका स्थानीय सञ्चारकर्मी ४० वर्षीय नवीन प्रियदर्शी बताउछन् ।

सो गाउँमा पनि परम्पराकालदेखि जोगिरा गाउने प्रचलन रहेको र जोगिरा गाउनका लागि कुनै पनि उमेर समूहले बाधा नपारेको उनको भनाइ छ । सो गाउँमा एउटै मञ्चमा विभिन्न उमेर समूहका व्यक्ति बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर-सत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको उनले थपे ।

*'जोगिरा सरर्र, जोगिरा सरर्र ।'*
*'मिथिलामे राम खेलैया होली, मिथिलामे ।*
*मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।'*
*'किनका के सोभे पियरी पितम्बर,*
*किनकाके हाथ अबिर झोली । मिथिलामे'*
*'सीताजीके सोभे पियरी पितम्बर, रामजीके*
*हाथ अबिर झोली ।*
*हो मिथिलामे, मिथिलामे राम खेलैय होली,*
*मिथिलामे ।'*
*'जोगिरा सरर्र, जोगिरा सरर्र ।'*
*'रङ्ग बरसे भिगे चुनरबाली रंग बरसे, हो*
*रङ्गबरसे भिगे चुनरवाली रंगबरसे'*
*'सीया झारु नम्बी केश, राम लैहे सोनेके*
*ककहिया ।*
*सीया झारु नम्बी केश, राम लैहे सोनेके*
*ककहिया ।'*
*सीया झारु नम्बी केश, सीया हो, हो, हो ।*
*सीया झारु नम्बी केश,*
*सीया हो, हो, हो सीया झारु नम्बी केश ।*
*राम लैहे सोनेके ककहिया ।'*

कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा केही दिनदेखि दिनदेखि रातिको समय होलैयाको भीडले मेलाजस्तै लाग्ने तथा उनीहरुले गाउने होलीगीत (जोगिरा)ले गाउँ नै गुञ्जायमान हुनेगरेको स्थानीय सुनिल ठाकुले बताए । जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँजस्तै जोगिराको धुनमा अहिले महोत्तरीको मनरासिस्वा नगरपालिका-९ बथनाहा गाउँ पनि रङ्गिएको पूर्ववडाध्यक्ष बलिराम रायले बताए । उनले अहिले बथनाहामा पनि कतिबेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दा प्रतीक्षामा रहने गरेको बताउछन् ।

स्थानीय ललिन्द्र दुवे, समीर राय, भोगी कापरसहितका होलैयाले ढोल बजाउन, झ्याली पिट्न, हारमोनियम बजाउन र गीत गाउन सुरु गरेपछि बथनाहा गाउँ पनि रङ्गीन हुने गरेको छ । राति अबेरसम्म चलिरहने गीत-सङ्गीत, हाँसो ठट्टाले दैनिक रुपमै होली चलिरहेको आभास गराउने गरेको स्थानीय युवा नेता चन्दन दुबेले बताए । होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँगाउँमा जोगिरा गाउन सुरु भएको छ । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाको प्रत्येक गाउँटोलमा चैतको फागुन २० गतेदेखि नै प्रत्येक रातिको बेला ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका साथ जोगिरा गाउने चलन चलिरहेको छ ।

*'फागुन आयो, होली ल्यायो'*
*'मारो भरभर कर पिचकारी'*
*'होली आयो, मस्ती छायो'*
*'मारो भरभर कर पिचकारी'*
*'जोगिरा सरर्र, जोगिरा सरर्र ।'*
*'कई हातका धोती पहना, कई हात लपेटा'*
*'कई घाटका पानी पिया, कई बापका बेटा'*
*'जोगिरा सरर्र, जोगिरा सरर्र ।'*

जस्ता सयौँ गीत, चुट्किला, हाँसो ठट्टा र दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको होलीलाई आगमनको प्रतीक्षामा अहिले महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा, भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा सुरु भइसकेको छ ।

# बजार ब्यवस्थापन तथा बिक्री कर्मचारी संघको मधेश प्रदेस समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम ।बजार ब्यवस्थापन तथा बिक्री कर्मचारी संघ (ओम्स) नेपालको मधेश प्रदेश समिति गठन गरिएको छ। जनकपुरधाममा सम्पन्न प्रदेश भेला तथा वनभोज कार्यक्रममा ओम्सको प्रदेश समिति गठन गरिएको हो ।

ओम्स नेपालका केन्द्रीय अध्यक्ष सूर्य पराजुलीको प्रमुख आतिथ्यता मधेश प्रदेश समितिद्वारा आयोजित प्रदेश भेला तथा वनभोज कार्यक्रमबाट समिति गठन गरिएको छ । भेलाबाट समितिको अध्यक्षमा चन्दन कुमार साह र उपध्यक्षमा जितेन्द्र मिश्रा चयन भएको निर्वाचन समितिका अध्यक्ष शैलेस न्यौपानेले बताए । यस्तै समितिको सचिवमा सचिदानन्द मिश्रा, सहसचिवमा देवेन्द्र शर्मा, कोषाध्यक्षमा अजित कुमार झा रहेका छन् ।

समितिको सदस्यहरुमा संजय झा, रवि सिंह, संजिव कुमार ठाकुर, राजिव झा, अमरेन्द्रनाथ ठाकुर, संतोषलाल दास, संजय साह, अविनाश भगत, राहुल सिंह, प्रविण कुमार ठाकुर, सुजित कुमार ठाकुर, सुजित कुमार चौधरी, आकाश कुमार महासेठ, फुलबाबु यादव, सुजित चौधरी, जितेन्द्र प्रसाद यादव सर्वसम्तबाट चयन भएका छन् ।

**भेलाबाट समितिको अध्यक्षमा चन्दन कुमार साह र उपध्यक्षमा जितेन्द्र मिश्रा चयन भएको निर्वाचन समितिका अध्यक्ष शैलेस न्यौपानेले बताए ।**

भेलाबाट प्रमुख सल्लाहकार समितिमा संजय कुमार यादव, मुन्नु कुमार झा र संजिव श्रीवास्तव लाई चयन गरेका छन् । समितिको प्रशासन प्रमुखमा रंजित चौधरीलाई चयन गरेको छ । यस्तै लहानको संयोजकमा परितोष झा र सहसंयोजकमा रजनिश लाल कर्ण चयन भएका छन् ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पको पूर्णपाठ :

# पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प

**प्रस्तावना**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने प्रातः स्मरणीय महान् सहिदहरूप्रति श्रद्धासुमन, आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान र बेपत्ता परिवार, घाइते, अपाङ्गता भएका र आन्दोलनमा अमूल्य योगदान दिनुहुने आमजनसमुदायप्रति हार्दिक आदरभाव प्रकट गर्दै संविधानको मर्म र भावनाविपरीत राज्यसञ्चालनमा प्रकट विचलन रोकी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विद्यमान आर्थिक शिथिलता, दण्डहिनता एवं व्यावसायिक निराशालाई चिर्दै जनतामा राज्यप्रति आशा र भरोसा पैदा गर्न, समाजमा, विशेषतः युवाहरुमा प्रकट नैराश्यता, आक्रोस र नकारात्मक सोंचमा परिवर्तन गरी सबै सङ्घर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्वका उपलब्धिको रक्षा गर्न, राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा नेपाली जनताको सर्वोपरी हितलाई केन्द्रमा राखी सुदृढ र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्न, प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, राष्ट्रिय आवश्यकता तथा जनचाहनाअनुरूप समाजवादोन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पका साथ, वर्तमान सरकारमा सहभागी हामी नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) देहायबमोजिमको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प सार्वजनिक गर्दछौं :

**आर्थिक शिथिलता अन्त्य गर्ने**

अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने । सुस्त कर्जा प्रवाह र पुँजीगत सार्वजनिक खर्चको न्यूनताजस्ता समस्याको समाधान गर्ने, वित्तीय र मौद्रिक नीतिबीच समन्वय गर्दै, तात्कालिक र मध्यकालीन लगानी र रोजगार-मैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानुनहरु संशोधन गर्ने, सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गर्ने, विप्रेषण आप्रवाहलाई उत्पादनशील गतिविधिमा लगाउने र सेयर बजारलाई नीतिगत सुधारमार्फत चलायमान बनाउने, सहुलियतमा रहेको हरित वित्त, अन्तर्राष्ट्रिय बजारमा पहुँच र प्रविधि हस्तान्तरणलाई केन्द्रबिन्दुमा राखी अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति भएपछिको सङ्क्रमणकालीन रणनीति कार्यान्वयन गर्ने, पन्ध्रौं योजनाको कार्यान्वयन अवस्थाको वस्तुनिष्ठ समीक्षासहित सोह्रौं राष्ट्रिय योजना प्रारम्भ गर्ने । यस आवधिक योजना आरम्भ गर्दा डिजिटलाइजेसन, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमूलक आर्थिक वृद्धि एवं संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा परिभाषित गर्दै सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गरी 'सम्मानजनक मध्यम आय भएको अर्थतन्त्र' निर्माण गर्ने ।

**वित्तीय संस्थालाई विसंगति मुक्त बनाउने**

वित्तीय संस्थाहरूमा उत्पन्न समस्या समाधान गर्न विभिन्न समयमा गठित आयोगहरूका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै सहकारी, लघुवित्त संस्था एवं अनुचित लेनदेनसम्बन्धी समस्या समाधान गर्ने । सहकारी कर्जा असुली न्यायाधिकरणको गठन गर्ने र सहकारी बचत तथा कर्जा सुरक्षण कोष सुरुआत गर्ने, ठूलो कारोबार गर्ने सहकारीलाई केही समय राष्ट्र बैंकको नियमन र सुपरीवेक्षणमा राख्न कानुनी प्रबन्ध गर्ने, वचत तथा ऋण सहकारी संस्थाका नाममा रहेका सम्पत्तिको धितोमा नेपाल राष्ट्र बैंकबाट छोटो अवधिको पुनर्कर्जा उपलव्ध गराउने, हाललाई बचत तथा ऋण कारोबार गर्ने संस्थाको दर्ता र कार्यक्षेत्र विस्तार अनुमति तथा सेवा केन्द्र स्वीकृति बन्द गर्ने, लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचनाको व्यवस्था गर्ने ।

**संघीयता कार्यान्वयन र सार्वजनिक संरचनागत सुधार**

सङ्घीयता कार्यान्वयनका समस्या समाधान गर्ने । सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, सुशासन प्रवर्द्धन गर्न, व्यावसायिक वातावरण निर्माणमा असहज र असान्दर्भिक नीति तथा कानुनमा परिमार्जन गर्ने । सङ्गठन संरचनामा कायम रहेको दोहोरोपना हटाइ चुस्त र मितव्ययी संरचना निर्माण गर्ने । राज्यका निकायबीच अन्तर-समन्वय कायम गरी प्रविधि-आधारित, सुधार-निर्देशित अनुगमन प्रणाली स्थापना गर्ने । समावेशिता, धर्मनिरपेक्षता सहित सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने । आमनागरिकलाई सहज र छरितो ढङ्गबाट निष्पक्ष न्यायको सुनिश्चितता गर्न न्यायपालिकाको संरचनागत सुधारका लागि सुझाव तथा सिफारिस गर्न उच्चस्तरीय आयोग गठन गर्ने, नागरिक प्रशासन, सुरक्षा निकाय, सार्वजनिक संस्थानलाई सक्षम र जनउत्तरदायी बनाउन नीति, संरचना र प्रणालीमा सुधार गर्नका लागि विज्ञ सम्मिलित कार्यदल गठन गर्ने ।

**छरितो सेवा प्रवाहसँगै सुशासन**

'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'का रूपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनीरूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुनेगरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरूमा जवाफदेहिता सुनिश्चित गर्ने । 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने । कार्यसम्पादन करारसम्बन्धी विद्यमान निर्देशिकालाई परिमार्जन गरी प्रमुख पदमा बहाल कर्मचारीहरूसँग वस्तुनिष्ठ मूल्याङ्कन र मापनयोग्य परिसूचकहरूका आधारमा कार्यसम्पादन सम्झौता गर्ने, राष्ट्रिय परिचयपत्रलाई प्रचलनमा ल्याउने । फरकफरक कार्यालयमा नागरिकतालगायत कागजात पटकपटक बुझाउनुपर्ने झन्झटलाई हटाउन नागरिक एपलाई सुदृढ गरी त्यसैमार्फत सबै प्रकारको सेवा उपलब्ध गराउने । सरकारी सेवाहरू तोकिएको समयमा उपलब्ध गराउन 'टाइम कार्ड' प्रणाली लागू गर्ने, सार्वजनिक खरिद प्रक्रियामा उच्चतम दक्षता र सदाचार सुनिश्चित गर्न आवश्यक कानुनी र संस्थागत सुधार गर्ने । सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रलाई परिणाममुखी र प्रभावकारी बनाउन आवश्यक सुधार गर्ने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने । भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अगाडि बढाउने । भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास नेपाली समाजमा स्थापित गर्ने ।

**काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन**

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने । कृषिलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, औद्योगिकरण, निर्यात व्यापार र आपूर्ती व्यवस्था अभिवृद्धिको प्रमुख क्षेत्रका रूपमा विकास गर्ने । भन्सार नियमनका माध्यमबाट समेत स्वदेशी उद्योग र उत्पादनलाई संरक्षण गर्ने । ज्याला रोजगारी र स्वरोजगार दुवै क्षेत्रमा कामको अवसर सिर्जना गर्ने गरी 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने । स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाउने । वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने (स्कील गेन) माध्यम बनाउने ।



रोजगार बैंक, स्टार्टअप कोष र व्यवसाय तयारी केन्द्र (बिजनेश इन्कुवेसन सेन्टर) को स्थापना गरी मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाउने, 'गिग' अर्थतन्त्रमा युवाहरुको पार्ट-टाइम आबद्धतालाई प्रोत्साहित गर्ने, उद्योग-व्यापार र सेवालगायतका सबै क्षेत्रमा व्यावसायिक वातावरण सिर्जना गरी उद्यमी-व्यवसायीहरूको टुटेको मनोवललाई उठाउने । निजी क्षेत्रका सङ्घहरूकै साझेदारीमा हरेक पालिकाहरूमा 'बजार मिल्दो, युवा केन्द्रित' सीपमूलक कार्यक्रम सञ्चालन गर्ने, कृषिमा आधारित उद्योगमा संलग्न हुने नेपालीहरूलाई ऋण तथा सहुलियतका स्किमहरू ल्याउने । पालिकास्तरमा 'भूमि बैंक' जस्ता उपायबाट जमिनको व्यवस्था गर्ने । स्थानीय बैंक वित्तीय संस्थामार्फत पुँजीको व्यवस्था गर्ने । सिँचाइ, मल, औजार-उपकरण आदिको प्रबन्ध गर्ने । कृषिउपजको बीमा गर्ने, त्यसको समर्थन मूल्य तोक्ने र व्यावसायिक उत्पादनकर्तासँग अग्रिम खरिद सम्झौतासहितको प्रणाली विकास गर्ने, व्यवसाय, लगानी र व्यापारसँग सम्बन्धित अन्तर्राष्ट्रिय 'बेञ्चमार्किङ'का सूचकाङ्कहरूमा सुधार गर्ने, उद्योग, कृषि तथा पशुपालन क्षेत्रमा आयात प्रतिस्थापनसँगै निर्यातको सम्भावना भएका उत्पादनमा आत्मनिर्भरता बढाउने योजना अघि बढाउन तरकारी, फलफूल र माछालगायतका खाद्यवस्तु, जुत्ता, सिमेन्ट, आँखाको इन्ट्राओक्युलर लेन्सलगायतका औषधि आदिको उत्पादन र उपयोगलाई प्राथमिकता दिने, आर्थिक सम्भाव्यताका रुग्ण उद्योगहरूलाई सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरूप पुनःसञ्चलनमा ल्याउने । काम, रोजगारी र सामाजिक सुरक्षाका प्रबन्धबाट सबैका लागि नियमित कमाइ हुने वाताबरण बनाउने ।

**शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा**

सबैको समान पहुँच भएको, राष्ट्र, समाज तथा जीवनसँग जोडिएको र समय अनुरुप अनुमोदित हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गर्दै ' उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने । मौलिक हकका रूपमा रहेको स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गर्ने । श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रूपमा स्थापित गर्ने । मजदुर, किसान, श्रमजीवी र विपन्न वर्गलाई समृद्धिको केन्द्रमा राख्ने । निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन तथा नियमावलीको मर्म र भावना कार्यान्वयन गरी जनताको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने, विश्वविद्यालयहरूमा विद्यमान समस्याको तत्काल समाधान गरी उच्च शिक्षाका निम्ति विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने । शिक्षा र रोजगारीकाबीचमा सन्तुलन कायम गर्ने, सरकारी र निजी क्षेत्रको शैक्षिक गुणस्तर र उत्पादनमा रहेको अन्तरलाई न्यूनीकरण गर्ने । डिजिटल माध्यम (इ-लर्निङ)को प्रयोग गरी शिक्षालाई आधुनिकीकरण गर्ने, अवकाश प्राप्त सरकारी कर्मचारी र इच्छुक बुद्धिजीवीलाई शैक्षिक क्षेत्र सुधारका लागि स्वयंसेवक शिक्षक बन्ने अवसरहरु सिर्जना गर्ने, नेपाल बाहिर दक्षता हासिल गरेको जनशक्तिले नेपालको शिक्षा क्षेत्रमा योगदान दिने वातावरण सिर्जना गर्ने । सबै जनतामा निरोगी रहने उपायबारे सचेतना अभिवृद्धि गर्ने । सबै पालिकामा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने । दायरा बढाउँदै किफायती स्वास्थ्य बीमा कार्यक्रममार्फत नागरिकको स्वास्थ्योपचार सहज बनाउने, सरकारी, सामुदायिक र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि अधिकारसम्पन्न नियमनकारी निकाय राष्ट्रिय प्रत्यायन प्राधिकरण (नेशनल अक्रिडिटेसन अथोरिटी), रोग नियन्त्रण केन्द्र र खाद्य तथा औषधि नियमन प्राधिकरण बनाई स्वास्थ्य सेवाको नियमन गर्ने, आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन उपलब्ध गराउने, भत्ताका रूपमा सुरु गरिएको सामाजिक संरक्षणका कार्यक्रम (जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका हितका कार्यक्रम आदि)लाई रूपान्तरण गर्न स्वदेश तथा विदेशमा, ज्याला रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई समेट्ने गरी सुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम (स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष आदिले दिइरहेको सेवा) सुदृढ गर्ने, रोजगारीको उमेर भएका हरेक व्यक्तिलाई 'काम अघि सामाजिक सुरक्षा नम्बर'को अनिवार्य व्यवस्था गरी नयाँ प्रणालीलाई प्रभावकारी र दिगो बनाउने । पालिकाहरूमा रहेको रोजगार सूचना केन्द्रमार्फत श्रमिक पञ्जीकरणको प्रणाली सुरु गरी श्रमजीवीहरूको तथ्याङ्क व्यवस्थित गर्ने ।

**भौतिक पूर्वाधार विकास र अन्तर-निकाय समन्वय**

राष्ट्रिय पूर्वाधारमा अन्तर निकाय समन्वय सुनिश्चित गर्ने । यातायात र सडकलाई आर्थिक विकासका पूर्वाधार, आपूर्ति व्यवस्थाको मेरुदण्ड, नागरिकले पाउने सुविधा एवं समुदाय-समुदायबीचको अन्तरसम्बन्धको माध्यमका रूपमा विकास गर्ने । पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असन्तुलन हटाउने । पूर्वाधार विकाससम्बन्धी आयोजनाहरू नीति, कार्यक्रम तथा बजेटमा पर्ने तर वर्षौंसम्म कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्ने ।

निर्माणाधीन पूर्वाधार आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिने । सम्पन्न भइसकेका आयोजनाहरूको तत्काल भुक्तानी गर्ने व्यवस्था मिलाउने र समयमै कार्यसम्पन्न नगर्ने निर्माण कम्पनीहरूको लाइसेन्स खारेज गरी क्षतिपूर्ति असूल गर्ने । आयोजना प्रमुखहरूसँग कार्यसम्पादन करार गरी वृत्तिविकासको आधार अर्धवार्षिक मूल्याङ्कनको नतिजालाई बनाउने । अधुरा आयोजनाको निर्माणमा स्रोत सुनिश्चित गर्ने, वातावरणीय प्रभाव मूल्याङ्नसहित 'साइट क्लिरेन्स' जस्ता पूर्वतयारी गरेर मात्र नयाँ आयोजना सुरु गर्ने, परियोजनाको छनोट, खरिद, मोडालिटी र कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय पूर्वाधार योजनासँगै 'राष्ट्रिय प्राथमिकता प्राप्त केही आयोजनाको द्रूततर निर्माणसम्बन्धी ऐन (सनसेट-ल)' संसद्को यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गर्ने । एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरी सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण गठन गर्ने । यातायात व्यवस्थापनमा डिजिटल प्रणाली लागू गर्ने । पूर्वाधार विकासका लागि आवश्यकपर्ने वित्तीय न्यूनता परिपूर्तिका निम्ति सार्वजनिक निजी साझेदारी, सह वित्तीय लगानी, पूर्वाधार बण्ड, हरित वित्त, समिश्रित वित्त (ब्लेण्डेड फाइनान्स), भिजिएफ, एस्सेट मोनिटाइजेसन, हाइब्रिड अन्न्युटिजस्ता वित्तीय उपकरणहरू प्रयोगमा ल्याउन कानुनी प्रबन्ध मिलाउने, पूर्वाधार निर्माण र सञ्चालनमा लगानी गर्ने उद्देश्यबाट स्थापना भएका वित्तिय संस्थालाई एकीकरण गर्ने । प्रत्यक्ष वैदेशिक लगानी तथा वैकल्पिक लगानीहरूको परिचालनका निम्ति आवश्यक कानुनी प्रबन्ध गर्नुका साथै विदेशी लगानी आकर्षित गर्न ' कन्ट्री रेटिङ' गर्ने र स्वचालित डिजिटल एकीकृत एकद्वार सेवा प्रणाली प्रयोगमा ल्याउने, सम्पूर्ण पूर्वाधार क्षेत्रहरूको अन्तरआवद्धतालाई दृष्टिगत गर्दै 'राष्ट्रिय पूर्वाधार विकास योजना' कार्यन्वयनमा ल्याउने । विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक विकास तथा व्यवस्थापन लिमिटेडलाई गाभी 'औद्योगिक पूर्वाधार विकास प्राधिकरण' बनाउने ।

**ऊर्जा विकास, सूचना र सञ्चार**

विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने, विद्युतीकरणमार्फत आमनागरिकको जीवन सहज तुल्याउने, इन्धनमाथिको परनिर्भरता न्यून गर्ने, मुलुकको औद्योगीकरणमा टेवा पुऱ्याउने र नवीकरणीय ऊर्जाको प्रयोगमार्फत वातावरणमा सुधार ल्याउने । आधुनिक सञ्चारमार्फत जनताको सुसूचित हुने अधिकारको प्रत्याभूति गर्ने, प्रविधिमार्फत शिक्षा, स्वास्थ्य, उत्पादनलगायत जीवनका सबै क्षेत्रलाई सहज तुल्याउने र रोजगारीका अवसर सिर्जना गर्ने । एकीकृत ऊर्जा नीति बनाउने । स्थानीय अवरोध र वन-जग्गा प्राप्ति, मुआब्जा वितरण लगायत विद्युत आयोजना निर्माणका क्रममा आउने समस्या समाधान गर्न सम्बन्धित निकायहरुलाई नै स्रोत उपलब्ध गराई जिम्मेवार बनाउने । संसद्मा विचाराधीन विद्युत् विधेयक २०८० लाई समयानुकूल बनाई पारित गर्ने । वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने । हाइड्रोजन इनर्जी जस्ता उर्जाका नयाँ क्षेत्रको प्रवर्द्धन गर्ने । विद्युत् प्रसारण तथा वितरणमा सहज पहुँचको नीति अवलम्बन गर्ने । आवासीय क्षेत्रमा विद्युत् खपत बढाउन 'गतिशिलताको सिद्धान्त'का आधारमा महशुल दर निर्धारण गर्ने । विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहन गर्दै सार्वजनिक निजी साझेदारीमा चार्जिङ स्टेसनहरूको विस्तार गर्ने, प्रसारण एवं वितरण लाइन तथा सव-स्टेशनलगायतका पूर्वाधार निर्माणमा तीव्रता दिई गुणस्तरीय र निर्वाध ऊर्जा आपूर्ति सुनिश्चित गर्ने । इन्टरनेटलगायतका सूचना प्रविधिका अत्याधुनिक पूर्वाधारहरू तयार गर्ने । डिजिटल नेपाल फ्रेमवर्कलाई आवश्यक परिमार्जनसहित कार्यान्वयन गर्ने । सार्वजनिक सेवा र उत्पादनका क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग बढाउने, डाटा सर्भरमा आत्मनिर्भरता कायम गर्ने र साइबर सुरक्षा सुनिश्चित गर्ने ।

**भूमि व्यवस्था, वन-वातावरण, जलवायु अनुकूलन र विपद् व्यवस्थापन**

भूमिमा किसानहरूको सहज पहुँच उपलब्ध गराउन, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत यसको सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने । जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गर्ने, वातावरणको सुरक्षा गर्ने र हरित अर्थतन्त्रको विकास गर्ने । भूमिको डिजिटल नापी पूरा गर्ने । भूमिको प्रकृति, स्वरूप र सम्भावनाका आधारमा भूउपयोग गर्ने । निर्माण भइसकेका संरचनाको सम्भव सुधार र उपयुक्त विकल्पको योजनासहित भूउपयोग नीति र कानुनको कार्यान्वयन गर्ने, पहाडी क्षेत्रको कृषिमा क्षति पुऱ्याइरहेका जनावरहरूको व्यवस्थापनका लागि वन तथा राष्ट्रिय निकुञ्ज सम्बन्धि कानुनहरुमा परिवर्तन गर्ने । खोला-नदीका किनारमा उपयोगहीन रहेका बाँझो जग्गाको वैज्ञानिक भू-उपयोग गर्ने । दुई वर्षभित्र सुकुम्बासी, मुक्त हलिया, मुक्त कमैया र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने । जलवायु परिवर्तनका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न, जलवायु सङ्कटले अल्पविकसित तथा हिमाली देशहरूमा उत्पन्न गरेको जोखिमबारे संवेदनशीलता जगाउन, सरोकारवाला मुलुकहरूको सञ्जाल निर्माणको पहल गर्न र जलवायु वित्त परिचालन गर्न 'जलवायु परिवर्तन, हिमाल र मानवजातिको भविष्य' विषयमा सगरमाथा संवाद आयोजना गर्ने, चुरेको संरक्षणमा जोड दिँदै 'वातावरण नबिग्रिने, विकास पनि नरोकिने' विधि अपनाउने । विपद् जोखिम न्यूनिकरण तथा विपद् पूर्वसूचना प्रणालीलाई सुदृढ बनाई जनधनको क्षति हुनबाट जोगाउने ।जाजरकोट, रुकुम, बझाङलगायतका स्थानमा भूकम्पपछिको पुनःनिर्माण कार्य यथाशीघ्र सम्पन्न गर्ने ।

**युवा र खेलकुद, पर्यटन, संस्कृति तथा सामाजिक सद्भाव**

युवाहरूलाई सामाजिक जीवनका सबै क्षेत्रमा महत्वपूर्ण साझेदार र संवाहकका रूपमा अगाडि बढाउँदै उनीहरूको सर्वतोमुखी विकासका लागि वातावरण निर्माण गर्ने । बहुलता, विविधता र बहुसांस्कृतिक सामाजिक विशेषतालाई नेपालको पहिचान, गौरव र सम्पदाको रूपमा स्थापित गर्ने । पर्यटनको समग्र विकासमार्फत आर्थिक विकासमा टेवा पुऱ्याउने ।

युवालाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको अभियन्ता र संवाहकका रूपमा विकास गर्ने । युवापङ्क्तलाई राष्ट्रिय जीवनका सबै आयाममा परिचालन गर्ने ।

खेलकुद विकासका गुरुयोजनासहित क्रिकेट लगायतका खेलका लागि आधुनिक पूर्वाधार निर्माण गर्ने, खेलाडीहरूको सम्मान र वृत्तिविकासका कार्यक्रमहरू ल्याउने । पर्यटकीय पूर्वाधारको विकास गर्दै पर्यापर्यटन, सांस्कृतिक पर्यटन र साहसिक पर्यटनको प्रवर्द्धन गरी दिगो पर्यटनको आधार तयार गर्ने । गुणस्तरीय पर्यटकको सत्र्यामा उल्लेख्य वृद्धि गर्न पर्यटकीय सेवाको विस्तार गर्ने । नेपाली सभ्यता, भाषा, धर्म, संस्कृति र जातजातिको संरक्षण एवं विकास गर्ने । विविधता र बहुलतालाई नेपालको सम्पदाका रूपमा विकास गर्ने । अन्धविश्वास, रुढी, सामाजिक/जातीय विभेद, विकृति-विसङ्गति एवं शोषण अन्त्य गर्ने । अधिकारको सम्मान, सामाजिक न्यायको प्रत्याभूति र सामाजिक सौहार्द्रता, जातीय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्ने ।

**महिला सहभागिता, सशक्तीकरण र सामाजिक समावेशिता**

लैङ्गिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवम् महिला सहभागिता र लैङ्गिक समानता सम्बन्धमा आजसम्म हासिल उपलब्धीहरूलाई अझ दिगो, परिणाममुखी र सार्थक तुल्याउने । राष्ट्रिय जीवनका सबै आयाममा महिलाहरूको न्यायोचित सहभागिता सुनिश्चित गर्ने । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षालगायत महिलाका संविधानप्रदत्त हकको कार्यान्वयनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, बालबालिकामाथिको दुर्व्यवहार, महिला हिंसा, मानव बेचविखन, बलात्कार, बँधुवा श्रम, छुवाछूत, गुण्डागर्दी, लागुपदार्थ दुर्व्यसन, छाउपडी, दाइजो तथा तिलक प्रथाजस्ता सामाजिक विकृति र शोषण सारभूतरूपमा अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने । बलात्कारसम्बन्धी मुद्दाको द्रूत छिनोफानो गर्न अदालतमा तदनुरूपको व्यवस्था गर्ने, दलित, मुसहर, पिछडा वर्ग, वादी, लोपोन्मुख तथा सिमान्तकृत अल्पसत्र्यक जातिलगायतको यौनिक र लैङ्गिक अल्पसख्यकहरूको अधिकार सुरक्षित गर्ने ।

**सङ्क्रमणकालीन न्याय र दिगो शान्ति**

शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्ग्याउन तत्काल कानुनी प्रबन्ध गर्ने । पीडितलाई केन्द्रमा राखी तथ्यका आधारमा सत्य स्थापित गर्ने । सत्यको आधारमा न्याय, क्षतिपूर्ति, परिपूरण, माफी र मेलमिलापका माध्यमबाट द्वन्द्व-सिर्जित पीडाको सम्बोधन गर्ने । द्वन्द्वकालमा घाइते तथा अङ्गभङ्ग भएका व्यक्तिहरूलाई उपचार, रोजगारी, स्वरोजगारका अवसर र पुनःस्थापनासम्बन्धी कार्य गर्ने, द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको कार्य सम्पन्न गर्ने, तराई-मधेसलगायतका आन्दोलनका क्रममा अन्यायपूर्ण ढङ्गले बन्दी बनाइकाहरुलाई सरकार र आन्दोलनकारीबीच भएका सम्झौताअनुरूप कानुनसम्मत ढङ्गले रिहाइ गर्ने ।

**राष्ट्रिय हितको रक्षा र स्वतन्त्र तथा असंलग्न परराष्ट्र नीति**

नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई केन्द्रबिन्दूमा राख्ने । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने । विदेश सम्बन्ध सञ्चालनमा सार्वभौम समानता, पारस्परिक हित र सम्मानलाई केन्द्रबिन्दुमा राखी दुवै छिमेकीहरू लगायत सबै मित्रराष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र मैत्रीपूर्ण सम्बन्ध सञ्चालन गर्ने, नेपालको भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वाधीनता र स्वतन्त्रतालाई थप सुदृढ बनाउने । लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिन प्रभावकारी कुटनीतिक प्रयास अगाडि बढाउने । सीमाको प्रभावकारी व्यवस्थापन गर्ने,

नेपालको हित संरक्षण र प्रवर्द्धन हुनेगरी विद्यमान सन्धि-सम्झौताहरूको पुनरावलोकन गर्ने, आवश्यकताअनुसार नयाँ सन्धि-सम्झौताहरू गर्ने, द्विपक्षीय तथा बहुपक्षीय संस्थामा आबद्धता वृद्धि गर्ने, राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका राष्ट्रका आधारभूत विषयहरूमा राष्ट्रिय सहमति निर्माणको लागि प्रयास गर्ने, नागरिकता वितरणको कार्यलाई सहज बनाउने । गैरआवासीय नेपाली (डायस्पोरा)हरुको शीप, पुँजी राष्ट्रहितमा प्रयोग गर्दै उनीहरुको जायज चासोको सम्बोधन गर्ने ।रासस

SOS CHILDREN'S VILLAGES

VACANCY ANNOUNCEMENT

SOS Children's Villages Nepal, a non-governmental social development organisation, is looking for interested and qualified individuals for various positions within the National Office, Lahan municipality (Siraha district), Karjanha municipality (Siraha district) and one municipality in Dhanusha district to implement Community-Based Family Strengthening Programmes (CBFSPs) in Siraha and Dhanusha districts.

**1) Project Coordinator (2)**
Lahan municipality (1); One municipality in Dhanusha district (1)

**2) Project Officer (6)**
Lahan municipality (2); Karjanha municipality (2); One municipality in Dhanusha district (2)


**3) Monitoring and Evaluation Officer (3)**
Lahan municipality (1); Karjanha municipality (1); One municipality in Dhanusha district (1)

**4) Admin and Finance Officer (2)**
Karjanha municipality (1); One municipality in Dhanusha district (1)

**5) Finance Cordinator (1)**
National Office in Sanothimi, Bhaktapur

**Deadline: 5:00 pm, March 28, 2024**

Please visit our website **www.sosnepal.org.np/careers** for detailed information.



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# साहासिक कार्य

संघीय नयाँ गठबन्धन सरकारको गृहमन्त्री रवि लामिछानेले प्रारम्भ गरेको कार्य साहासिक छ । उपप्रधान समेत गृह मन्त्री दोस्रो पटक बनेका लामिछानेले चर्चा पाउने भन्दा आवश्यक कार्यहरुलाई साहास पूर्वक थालेका छन् । देशको चर्चित सुन काण्डमा उपराष्ट्रपति नन्द बहादुर पुनका सहयोगी र छोरा मुछिएका छन् । उनीहरुलाई प्रहरीले पक्राउ गरी छानबिन अगाडि बढाएका छन् । पुन माओवादी कोटाबाट झण्डै ८ वर्ष उपराष्ट्रपति रहे । त्यसैगरि माओवादी केन्द्रका उपाध्यक्ष रहेका कृष्ण बहादुर महरा पनि सुन काण्डमा पक्राउ परेका छन् । उनका छोरा उनी समेतको संलग्नता सुन तस्करीमा रहेको प्रहरीको अनुसन्धानले देखाएको छ । प्रहरीले उनलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । माओवादीका नेताहरु पुन र महराको सरकारी हैसियत पनि 'सम्माननीय' छ । पुन उपराष्ट्रपति र महरा सभामुख भइसकेका छन् । महरा कयौं पटक मन्त्री पनि बनेका छन् । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' देशमा प्रधानमन्त्री छन् । लामिछाने चौथो वरियतामा सरकारमा रहेका छन् । माओवादीबाट हाल उपप्रधान सहित परराष्ट्र मन्त्री रहेका नारायणकाजी श्रेष्ठ यस अघि गृह मन्त्री समेत उपप्रधानमन्त्री थिए । सुनकाण्डको अनुसन्धान चलिरहेको बेला गृह मन्त्री रहेका श्रेष्ठले माओवादीका नेता महरा लगायत अन्य कयौंलाई जोगाएको देखिन्छ । सुन तस्करी छानबिन समितिको प्रतिवेदनलाई कार्यान्वयनको प्रकृयामा लग्दा महरा समेत पुन लगायतका नेता र प्रहरीका अधिकारीहरु तानिएका छन् । श्रेष्ठको कार्यकालमा अनुसन्धान नै प्रभावित भएको देखिएको छ । हुनत अहिले पनि सुन तस्करीको अनुसन्धान पूर्ण रुपमा नभएको कतिपयको कथन छ । तर छानबिन समितिले दिएको प्रतिवेदनमा अधिकांश विषयवस्तु समेटिएको देखिन्छ । सुन तस्करीमा संलग्न रहेकाहरुले दिएकै वयानमा पुन परिवार र महरा परिवारको संलग्नता देखिएको छ । गृहमन्त्री लामिछानेले आँट नगरेको भए छानबिन समितिको प्रतिवेदन कार्यान्वयनमा जाने थिएन् । देशका प्रधानमन्त्री रहेका पार्टीका शीर्ष नेताहरु नै तस्करी लगायतका कयौं भ्रष्टाचार, व्ययभिचार लगायतका अपराधहरुमा संलग्न रहनु अत्यन्त डरलाग्दो छ । सर्वहाराको नेतृत्व गर्ने दावीगर्दै आएको माओवादीका शीर्ष नेताहरुको कृयाकलाप त धनाढय बन्ने पो रहेछ । भुटानी शरणार्थी काण्डमा पनि माओवादीका नेताहरु दोषी पाइएका छन् । ठूलठूला भ्रष्टाचारहरुमा माओवादी नेताहरुको संलग्नताले देशमा नैराश्यता बढाएको छ ।व्यक्तिगत स्वार्थमा माओवादी नेताहरु लिप्त भएका छन् ।विवादमा तानिने प्रयास गरिए पनि गृहमन्त्री लामिछानेले खुट्टा नकमाई अगाडि बढनु पर्छ ।जनहितको कार्यगर्दा अनेकौ समस्या झेल्नु पर्ने हुन्छ । तर सहासका साथ अगाडि बढिरहनु पर्छ ।

# सम्बन्ध पुनरावलोकनको औचित्य के ?



श्रीमन नारायण

भारत र चीन जस्ता विश्वचका उठाउँदा शक्ति राष्ट्रवीच अवस्थित नेपालको परराष्ट्रनीति सुझबुझपुर्ण हुनु आवश्यक छ । व्यक्तिगत अथवा दलगत हित एंव प्रतिष्ठा्नको आधारमा परराष्ट्रनीतिको सञ्चालन गर्न खोज्नु बुद्धिमानी होईन । जोशमा तथा भावावेशमा आएर कुनै एउटा राष्ट्रको पक्षमा डटेर उभिनु र अन्य मित्र राष्ट्रहरुको विपक्षीमा उभिनु दुर्भाग्यपुर्ण हो । नेपालमा जब-जब कम्युनिष्ट पार्टीको नेतृत्वतमा सरकार अस्तित्वमा आउँछ, अनि समानतामा आधारित परराष्ट्रनीति सञ्चालनको कुरा गरिन्छ । जवकी यथार्थमा यो उत्तरी छिमेकीप्रति बढी सदाशयता युक्त र दक्षिणी छिमेकी प्रति दुराशययुक्त अथवा पूर्वाग्रही हुने गर्दछ । दक्षिढी छिमेकी भारतसंग सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धीको समीक्षाका लागि गठित प्रबुद्ध ब्यक्ति समुह (इमिनेन्ट् पर्सन ग्रुप) को प्रतिवेदनलाई कार्यान्वतयनको माग देशका कतिपय राजनीतिक दलका नेता कार्यकर्ताहरु, बुद्धिजिवी तथा विश्लेषकहरु गर्न थालेका छन् । इतिहासको समीक्षालाई न राम्रो भन्न मिल्दैन तर आशंका हदभन्दा बढी हुन जाँदा केही नहुँदा पनि अनर्थ भईरहेको जस्तो लाग्दछ । सन् १९५० को शान्ति एंव मैत्री सन्धीको सम्पूर्ण पक्षको सुक्ष्म विश्लेषण नगरी यसको खारेजीको माग गर्नु भनेको भारतमा रहेदै आएका वा विभिन्न पेशामा संलग्न हजारौ नेपाली परिवारमा भोकमरीको समस्या उत्पिन्न गराउनु हो । सन् १९५० को शान्ति तथा मैत्री सन्धी भारत होईन, नेपालको हितमा छ । क्षणिक राजनीतिक लाभका लागि, आफ्ना परम्परागत मतदातालाई खुशी पार्न तथा आफु वफादार भएको मित्र राष्ट्रलाई खुशी पार्न यस्ता विषयलाई चर्चामा ल्याउनु दुर्भाग्य पुर्ण हो ।

नेपालको पूर्वमा भारतको सिक्किम पश्चिम बङ्गाल, दक्षिणमा बिहार र उत्तर प्रदेशमा, पश्चिममा उत्तराखण्ड तथा उत्तरमा छिमेकी चीनको तिब्बत रहेको छ । विगतमा नेपालले तिब्बतसित युद्ध पनि लडेको थियो । युद्धकै अवधिमा थापाथली र वेत्रावती सन्धी पनि भएको थियो, जो विशुद्ध रुपमा युद्धको समयमा र सिमानाको विषयसंग सम्बन्धित थियो । पछिको दिनमा चीनसित एभरेष्ट लगायत सिमाना सम्झौता पनि भए । यो बेग्लै् कुरा हो कि उत्तरी छिमेकी चीन तथा त्यो भन्दा अघि तिब्बतसित भएका सिमाना सम्झौताको समीक्षा, संशोधन अथवा खारेजीको माग कही कतैबाट आजसम्म हुन सकेको छैन ।

ग्रेटर नेपालका अभियन्ताहरु पनि नेपालको तीनतिरका सिमानाको चिन्ता गर्दछन तर उत्तरतिरको सिमानाको चिन्ता गर्दैनन् । सुगौली सन्धिको बैधानिकताको विषयलाई उठाउँछन तर थापाथली र बेत्रावती सन्धीको बैधानिकताको कुरा गर्दैनन् । नेपालको राष्ट्रियता पनि चयनात्माक भाष्यबाट ग्रसित देखिन्छ ।

सन् १९५० को शान्ति् एव मैत्री सन्धीलाई नेपालको हित विपरीत बताउँदै यसको सान्दर्भिकता माथि प्रश्न चिन्ह उठाउँदै नेपालका बामपन्थीहरुले देशका युवा वर्गमा र सर्वसाधारण जनतामा नकारात्ममक भाष्य स्थापित गर्ने काम गर्दै रहे । भारतको नाम सुनेपछि त्यसमा अनर्थ मात्रै हेर्नेहरुले यसलाई आफ्नो प्रमुख राजनीतिक मुद्दा बनाउँदै आएका छन् । सन् १९५० को शान्ति एंव मैत्री सन्धीको समीक्षा गर्न नेपालले पटक-पटक माग गरेपछि भारत पनि यसमा सहमत हुन बाध्य भएको हो ।

वि.स. २०६८ साल कार्तिकमा नेपालका तत्कालिन प्रधानमन्त्रीप डाक्टर बाबुराम भट्टराईको भारत भ्रमणका क्रममा दुबै प्रधानमन्त्रीद्वारा जारी संयुक्त विज्ञप्तिको बुँदामा भारतका तत्कालिन प्रधानमन्त्री डा.मनमोहन सिंह र नेपालका डा.बाबुराम भट्टराई विच सन् १९५० को सन्धि लगायतका विषयमा छलफल गर्न प्रबृद्ध ब्यक्तिहरुको समुह गठन गर्ने सैद्धान्तिक सहमति भएको थियो ।

वि.स. २०७३ सालमा के.पी.शर्मा ओली नेपालका प्रधानमन्त्री भएका बेला दुई देशवीचको सम्बन्ध तनाव पुर्ण थियो । त्यही बेला ओलीले विगतका दुई पक्षिय सन्धि सम्झौता र सहमतीको पुनरावलोकन गर्ने तथा परिमार्जन सहितको सुझाव दिन भन्दै इपिजी गठन गरे । इपिजीलाई पारस्परिक विश्वोस, सामाजिक, आर्थिक सांस्कृतिक र राजनीतिक सम्बन्धका आधार निर्माण गर्दै दुबै देशको सम्बन्धलाई सबल बनाउने उपायको सिफारिश गर्ने कार्यादेश तोकिएको थियो । इपिजिमा नेपालको तर्फबाट नियुक्त गरिएका सदस्यहरु सबै बामपन्थी विचारधाराका थिए । त्यसमा एकजना पनि मधेशी थिएनन् । भारतले भने सिक्किम-दार्जीलिङ्गतिरमा महेन्द्र पी.लामा, पटनाका जयन्तम प्रसाद र उत्तराखण्डाका भुवनचन्द्र उप्रेतीलाई आफ्नो तर्फबाट इपिजीका लागि सदस्य नियुक्त गरेका थिए । सन् १९५० को शान्ति एंव मैत्री सन्धीबाट भारतलाई कुनै समस्या छैन । समस्या दुबै देशका जनतालाई पनि छैन । सन्धीबाट समस्या त सरकासित पनि छैन तर जनताका जल्दा-बल्दान समस्याहरु गरीबी, बेरोजगारी, महङ्गीसित मुकाविला गर्न नेपालका राजनीतिक दलहरुको कुनै ठोस नीति एंव कार्यक्रम छैन । पद र सत्ता एकमात्र अन्तिम लक्ष्य भएको छ । नेपालका राजनीतिक दलका नेताहरु आफ्नो अकर्मण्यसता, असफलता र कमजोरीलाई ढाक छोप गर्न समय समयमा राष्ट्रवादको नारालाई चर्चामा ल्याउने गर्दछन् । नेपाली जनतालाई सर्वाधित मनपर्ने विषय पनि खोक्रो राष्ट्रवादको नारा नै हो । सन् १९५० को शान्ती एंव मैत्री सन्धीलाई नेपालमा गलत तरिकाले ब्याख्या गरिएको छ तर यहाँका बुद्धीजिवीहरु पनि निश्पक्ष रुपमा यसको विश्लेषण गर्न चाहदैनन् ।




नेपाल-भारत १९५० को सन्धी १० बुँदामा लिपिवद्ध छ र सन्धीका अभिन्न अङ्गका रुपमा शान्ति तथा मैत्री सन्धीसंग आदान प्रदान गरिएको पत्रमा ५ बुँदा छ ।

मुल सन्धिको बुँदा १ मा भनिएको छ । नेपाल र भारत सरकारवीच स्थायी शान्ति र मित्रता रही रहनेछ । दुबै सरकार एक अर्काको पुर्ण सम्प्रभुता, क्षेत्रीय अखण्डता र स्वरतन्त्रता प्रति सम्मान र समर्थन गर्न स्विकार गर्दछ । यो बुँदामा लेखिएको प्रत्येक शब्द, अल्पविराम, पुर्णविराम वा भावनासम्म पटक्कै आपतिजनक छैन, यो अवश्य नै स्वागत र स्वीकारयोग्य छ । बुँदा २ मा दुबै सरकार परस्पैरमा कायम रहेको मित्रतापुर्ण सम्बन्धमा खलल पर्न जाने सम्भावना नरहने गरी कुनै छिमेकीसंग गम्भीर खटपट वा विवाद उत्पन्न भएमा एक अर्कालाई जानकारी दिन प्रतिबद्ध छन् । यस बुँदाले नेपाल वा भारतको तेस्रो छिमेकीसंग गम्भीर खटपट वा विवाद उत्पन्न् भएमा एक अर्कालाई जानकारी दिन प्रतिबद्ध छन् भन्ने उल्लेख छ यसमा पनि कुनै खराबी छैन ।

सन्धीको धारा ३ र ४ प्रतिनिधी र कुटनीतिक सम्बन्ध र नियुक्ति बारे छ । जुन पूर्णयतामा समानताको आधारमा छ । विश्वका कुनै दुई देशवीच कुटनीतिक सम्बन्ध कायम गरिदाँ उपरोक्त प्रावधान अनिवार्य रुपमा रहने गर्दछन नै । धारा ३ र ४ का व्यवस्थाहरुले अन्तराष्ट्रिय कुटनीतिक मान्यतालाई कही कतै उल्लघँन गरेको छैन ।

धारा ५ मा नेपाल सरकारलाई भारत राज्य क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाको निम्ति चाहिने हातहतियार मालसमानको पैठारी गर्ने अधिकार छ । दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोवस्तलाई कारवाही तय गर्ने छन् भन्ने उल्लेख छ त्यसैसंग सम्बन्धित आदान प्रदान पत्रको बुँदा २ मा भनिएको छ" नेपाल सरकारले नेपालको सुरक्षाका लागि आवश्यक पर्ने कुनै पनि हतियार, गोलाबारुद वा युद्ध सामाग्री र उपकरणहरु भारत सरकारको सहायता र सहमति अनुसार भारतीय भुभाग भएर आयात गर्न सक्नेछ । भारतीय भुभाग भएर ल्याउने यस्ता हात हतियार र गोला बारुद्धहरु छिटो छरितो र निर्विघनतापुर्वक पारवनहको लागी भारत सरकारले उपयुक्त कदमहरु चाल्नेछ । आदान प्रदान पत्रको यो बुँदाले तेस्रो मुलुकबाट हतियार आयात गर्न भारतको स्वीकृति चाहिने जस्ता भान हुन सक्दछ तर ध्यान दिएर हेर्ने हो भने भारतको बाटो भएर ती सामानहरु ल्याउन मात्र त्यस्तो सहमति आवश्यँक पर्ने हो । तेस्रो मुलुकको बाटो नेपालका लागि एक मात्र विकल्प चीन भएर वा हवाईमार्गबाट हतियार भित्रयाउँदा भारतलाई खबर गरिरहनु पर्दैन । भारतको बाटोभएर ल्याउँदा कतै अबान्छित ब्यक्तिको हातमा पर्न गयो भने यो दुबै देशको सुरक्षाका लागि घातक सावित हुन सक्दछ तसर्थ उसले सुचना खोजेको हुन सक्दछ । वि.स. २०४५ सालमा पंचायती सरकारले चीनबाट हतियार मगाएको थियो भने वि.स. २०५२ सालमा तात्कालिन देउवा सरकारले बेल्जियमबाट हतियार मगाएको थियो । तसर्थ यस प्रवधानले पनि अनिवार्यता बोकेको छ । जस्तो देखिदैन ।

धारा ६ मा भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीक स्वोरुप दुबै सरकारले आफ्नो राज्य क्षेत्रमा रहेको आदर्श सरकारका रैतीलाई आफ्ना मुलुकको औद्योगिक, आर्थिक विकास र त्यस्तो विकास सम्बन्धी ठेकाहरुमा भाग लिनलाई राष्ट्रिय ब्यवहार दिन कबुल गर्छन भन्ने उल्लेख छन् तर यसैसँग सम्बन्धित आदान प्रदान बुँदा ३ ले भनेको छ, शान्ति तथा मैत्री सन्धीको धारा छ, सम्बन्धी एक अर्को देशमा नागरिकलाई राष्ट्रिय ब्यवहार प्रदान गर्नेबारे भारत सरकारले नेपालमा रहेका नागरिकहरुलाई केही समयको लागी अनियन्त्रित प्रतिस्पिर्धाबाट संरक्षण प्रदान गर्ने आवश्यकता माथि सहमत भएको छ । यस प्रकारको संरक्षणको प्रकृति र परिमाण दुबै सरकारवीच पारस्पारिक सहमतिका आधारमा आवश्यसक्ता अनुसार निर्धारण गरिनेछ । मूल सन्धीको धारा ६ ले जन्माएको आशङ्कालाई पक्षको बुँदा नै घ ले निवारण गरेको छ । यसैको आधारमा नेपालले केही समय वाक्याशंको फाईदा लिई भारतीयहरुलाई ब्यापार ब्यवसाय गर्न अंकुश कायम गरेको छ । यस हिसाबले सन्धीका कारण नेपालले फाईदा पाएको छ ।

धारा ७ मा नेपाल सरकार भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेको अर्को मुलुकको रैतीलाई निवास, सम्पतिको भोग, ब्यापार वाणिज्यमा भाग लिन, चलखेल गर्न र अरु त्यस्तै प्रकारका विशेषाधिकारका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार लिनलाई कबुल गर्दन भन्ने उल्लेख छ । नेपालीलाई भारतमा उपरोक्त धारा अर्न्तगतको सुविधा प्राप्त भएपनि नेपालमा नागरिक्ताको प्रमाणपत्र अनिवार्य गरिएको कारण भारतीयलाई भने यो सुविधा प्राप्त छैन। धारामा ८ भारतको तर्फबाट ब्रिटेन सरकार र नेपाल सरकारका वीचमा यसका यस अधिका सबै सन्धिपत्र, स्वीकारपत्र, कबुलियतनामा खारेज गर्छ भन्ने उल्लेख छ ।

धारा ९ मा हस्ताक्षर गरिएकै मितिदेखि यो सन्धि लागु गरिनेछ, भन्ने उल्ले्ख छ जवकी धारा १० मा यो सन्धी कुनै एक मुलुकले एक वर्षे भाको दिई सो सन्धिपत्रको अन्तेय गर्न नखोजेसम्म जारी रहनेछ, भन्ने उल्लेख छ । यस सन्धीमा संशोधन अथवा परिमार्जनको गुन्जायस छैन, यसलाई केवल खारेज मात्रै गर्न सकिन्छ । यो राजनीतिक एंव कुटनीतिक सहमतिको विषय हो । विद्यमान सन्धीकका कुन-कुन प्रावधान हाम्रो पक्षमा भएन बुझ्नि सकिएन ? सस्तोशिक्षा सस्तो उपचार, र जिविको पार्जनका लागि भारतीय शहरमा रहँदै आएका लाखौ नेपालीहरुको सुविधा र अवसरबारे विचार नगरी यस सन्धिनलाई खारेज गर्न खोज्नु दुर्भाग्यपूर्ण हो । सन् १९५० को शान्ति तथा मैत्री सन्धीसको खारेजीको पक्षमा देशका बामपन्थी दलहरुले खुलेर लाग्नु तर नेपाली काँग्रेस एव मधेसी दलहरुको यसमा मौनता हुनु पनि चिन्ताको विषय हो । इजीपीले आफ्नो प्रतिवेदन तयार पारेको छ ।दुबै सरकारले यस प्रतिवेदनलाई ग्रहण गरेपछि यसबारे निर्णय आउन सक्नेरछ । भारतले यसमा दुरर्शिता देखाएको छ, जवकी नेपाल भने यो प्रतिवेदन कार्यान्वयन भएको हेर्न चाहन्छ । नयाँ दिल्ली तथा काठमाण्डौमा बसेर नेपाल- भारत वीचको परम्परागत बहुआयमिक सम्बन्धको गहिराई र ब्यापकतालाई बुझ्नै सकिदैन । नेपाल-भारत वीचको सम्बन्धमा जसनस्तरमा स्थापित छ, यो केवल सांस्कृति सम्बन्ध मै मात्र सीमित छैन, क्रान्ति र भ्रातृत्विको सम्बन्ध पनि छ । नया दिल्ली र काठमाण्डौले यस सम्बन्धलाई बनाएको होईन । काठमाण्डौलाई मात्रै नेपाल हेर्ने मानसिकताबाट नेपालका राजनीतिज्ञ बुद्धिजिवी र विश्लेषकहरु बाहिर आउनु आवश्यक छ । सन् १९५० को शान्ति तथा मैत्री सन्धीको खारेजी देशका कतिपय राजनीतिक दल, बुद्धिजीवी एंव विश्लेषकहरुको सुनियोजित अजेण्डाको हिस्सा हुन सक्दछ तर यो लाखौ करौडौ नेपालीहरुको निम्ति जिवन-मरणको विषय हो, लाईफ लाईन हो । हतारमा निर्णय गरेर फुर्सदमा पछताउने हामी नेपालीहरुको बानी नै छ । शुरु शुरुमा क्रान्तिकारी नारा लगाउने, निर्णय लिने, त्यसको छलफलको समीक्षा नगर्ने तर परिणाम अनपेक्षित हुन थालेपछि कि त विपक्षी दललाई दोषी बनाउने होईन भने भारतलाई हुनत नेपालले सन् १९५० को शान्ति एंव मैत्री सन्धीलाई खारेज नै गर्ने मानसिकता बनाई सकेको छ भने भारत पनि यसमा समर्थन जनाउने नै छ तर यस सन्धीबाट लाभ भने भारत भन्दा बढी नेपाललाई नै भईरहेको छ ।

# रघुनाथ ठाकुरको सहादत र अपूर्ण मधेस आन्दोलन

**अजयकुमार झा**

देशमा मधेसी समुदायलाई अन्य नागरिक समान अधिकार दिलाउन २००९ सालमा विद्रोहको बिगुल फुकेर रघुनाथ ठाकुरले मधेस आन्दोलनको श्रीगणेश गरेका थिए । तत्कालीन मोरङ जिल्लाको भलाभलेनी (हालको सुनसरी जिल्लाको हरिनगरा) मा १९९१ असार २७ गते जन्मेका रघुनाथको आरम्भिक सङ्घर्ष मधेसी विद्यार्थीलाई छात्रवृत्तिमा समान अधिकार र अवसर दिलाउनुमा केन्द्रित थियो । सरकारले मधेसी विद्यार्थीलाई छात्रवृत्तिबाट वञ्चित गरेको थियो । उनले त्यसको विरोध गर्दै राजा त्रिभुवनको शासनकालमा राजदरबारको ढोकामा आमरण अनशन बसे । राजा त्रिभुवनले उनलाई भेट दिएपछि उनले आफ्नो कुरा राखे । फलस्वरूप मधेसी विद्यार्थीले पनि छात्रवृत्ति पाउने व्यवस्थाको भयो । उनी आफूले पनि भारतको बनारस हिन्दु विश्वविद्यालय (बीएचयू) मा प्रवीणता प्रमाणपत्र पढ्ने छात्रवृत्ति पाए । त्यहीँ उनले स्नातकको उपाधि प्राप्त गरे ।

मधेस आन्दोलनका प्रवर्तक अमर सहिद रघुनाथ ठाकुरको व्यक्तित्वलाई जोडेर कुरा गर्दा सर्वप्रथम तत्कालीन अवस्थामा मधेस आन्दोलनको मूल उद्देश्य के थियो भन्ने कुरा ठम्याउनुपर्छ । रघुनाथ मधेसी समुदायमाथि राज्यबाट हुने राजनीतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक अधिकारको शोषणका खिलाफमा थिए । मधेस र मधेसी समुदायमाथि आन्तरिक उपनिवेश लादिएको छ भन्ने उनको मान्यता थियो । त्यसैले उनले उनले मधेसको आत्मनिर्णयको अधिकारको वकालत गरेका थिए । उनको विचारमा मधेसको आफ्नो छुट्टै संस्कृति छ, मधेस एक छुट्टै राष्ट्र हो । मधेसको मानवोचित अधिकारको रक्षाको सर्तमा मात्र मधेस अर्को कुनै राष्ट्रियताको हिस्सा बनेर रहन सक्छ भन्ने उनको सिद्धान्त थियो ।

मधेसमा मधेसीको शासन स्थापना गर्ने लक्ष्य लिएर उनले २०१३ सालमा मधेस जनक्रान्ति दल गठन गरेका थिए । मधेस नाम धारण गरेको त्यो नेपालको पहिलो राजनीतिक दल थियो । देशमै पहिलोपटक भएको आम निर्वाचन २०१५ लाई उनले बहिष्कार गरे । किनभने उक्त निर्वाचनबाट मधेसको हित हुँदैन भन्ने उनको धारणा थियो ।

मधेसको अधिकारकै एजेन्डालाई लिएर 'नेपाल तराई कांग्रेस पार्टी' आम निर्वाचनमा सहभागी भएको थियो तर निर्वाचनमा उसले कुनै सिट ल्याउन सकेन । निर्वाचनमा १०९ सदस्यीय प्रतिनिधिसभामा ७४ वटा सांसद अर्थात् दुईतिहाइ सिट ल्याएर नेपाली कांग्रेसले सरकार बनायो । नेपाली कांग्रेसको सरकारले राष्ट्रका लागि केही महत्त्वपूर्ण निर्णय गरे पनि मधेसको समस्या र मागलाई सम्बोधन गर्ने चासो लिएन ।

जननिर्वाचित सरकार गठन भएको १८ महिनामै राजा महेन्द्रले संसद् र सरकार विघटन गरे । आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी प्रत्यक्ष शासन प्रारम्भ गरे । कांग्रेसलगायत लोकतन्त्रवादी नेतामाथि दमन आरम्भ भयो । कतिपय नेता जेल परे भने कतिपय भारत निर्वासित भएर गए । तराई कांग्रेस नेपालका नेताहरू पनि भागाभाग भए तर सभापति वेदानन्द झाले शाही सरकारको समर्थन गर्दै गृहमन्त्री बने । तराई कांग्रेसका सभापति आफैँ शाही सरकारको गृहमन्त्री बन्दा पनि उक्त सरकारले मधेसको मागप्रति चासो देखाएन । बल्की शाही सरकार मधेसप्रति झन् अनुदार बन्दै गयो । यति मात्र होइन, मधेस आन्दोलनका योद्धालाई नै एकपछि अर्को गरी सिध्याउने काम गऱ्यो । शाही सरकारले नै एक दिन षड्यन्त्र गरेर रघुनाथ ठाकुरको पनि ज्यान लियो । रघुनाथ ठाकुर रहिरहेको भए त्यसपछिका निर्वाचनमा मधेस मागको परिपूर्ति नभएसम्म सहभागी हुने थिएनन् र मधेस आन्दोलनलाई निरन्तरता दिइरहन्थे । र रघुनाथ ठाकुर जीवितै रहेको भए मधेस आन्दोलनको दूरावस्था पनि हुने थिएन ।

राजा महेन्द्र शाहले थालेको प्रत्यक्ष शासन, जसलाई पञ्चायती व्यवस्था नाम दिइएको थियो, त्यसलाई उनका छोरा राजा वीरेन्द्र शाहले पनि निरन्तरता दिएका थिए । २०४६ सालको जनआन्दोलनले राजाको प्रत्यक्ष शासनमा विराम लगाउँदै राजालाई संवैधानिक दायरामा ल्यायो । बहुदलीय संसदीय पद्धतिको पुनर्स्थापना गर्दै राजाको सट्टा संसद्लाई सर्वोच्चता प्रदान गऱ्यो तर यसरी पटकपटक राज्यसत्ता परिवर्तित हुँदा पनि मधेसको मुद्दालाई सम्बोधन गर्ने काम भएन । राजा वीरेन्द्रको शासनकालमा पनि मधेस आन्दोलनकारीको दमन गर्ने काम जारी रह्यो । उनकै शासनकालमा २०३८ असार ७ गते रघुनाथ ठाकुर मारिए । पञ्चायती सरकारले उनका अनेक सहकर्मीको हत्या गरिसकेको थियो, आफूमाथि पनि आक्रमण हुने आशंका रहँदारहँदै उनले सरकारसँग सम्झौता गर्ने वा सरकारप्रति नरम हुने वा आफ्नो क्रान्तिकारी भूमिकालाई न्यून पार्ने कोसिस गरेनन् । रघुनाथको २०१५ सालमा प्रकाशित पुस्तक 'परतन्त्र मधेस और उसकी संस्कृति'मा रामजनम तिवारीले सहमतिका शब्द लेखेका छन्– षड्यन्त्रद्वारा ठाकुरको हत्या गरिएको थियो ।

रघुनाथ नेपालमै उच्च शिक्षा अध्ययनरत रहँदा शैक्षिक विभेदको खिलाफ तत्काल जाइलागेका थिए । बनारसमा अध्ययनरत रहँदा उनलाई नेपालमा विद्यमान मधेसी समुदायको राजनीतिक अवस्था र सरकारको विभेदपूर्ण नीतिहरूलाई समग्रतामा नियाल्ने अवसर मिल्यो । देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, नागरिक आदि अधिकारहरूमा मधेसी समुदायको दयनीय अवस्थाले उनलाई गम्भीर तुल्यायो । उनले मधेस इतिहासको गहिरो अध्ययन गरेर मधेसको आफ्नो छुट्टै राष्ट्र र संस्कृति भएको पाए । खस शासकहरूले मधेसलाई उपनिवेश बनाएर शासन, शोषण र दमन गर्ने गरेको उनको निष्कर्ष रह्यो । उनी त्यसै बेलादेखि उपेक्षित, शोषित, पीडित मधेसीलाई अधिकार दिलाउन चिन्तनशील भए । अध्ययनबाट फर्केपछि अधिकारका लागि सङ्घर्ष प्रारम्भ गरे ।

रघुनाथको पुस्तक (परतन्त्र मधेस और उसकी संस्कृति) आफैँमा एक विशिष्ट 'मधेस ग्रन्थ' हो । यस पुस्तकमा मधेस भूमिको भूगोल र प्राचीन इतिहासदेखि वर्तमान अवस्थासम्मको कुरा मात्र होइन, भविष्यको उद्घोषण समेत गरिएको छ । मधेस 'मध्यदेश'को अपभ्रंश हो । भौगोलिक रूपमा हिमालय र विंध्य पर्वतबिचको समथर भूभाग नै मध्यदेश हो । यस भू-भागको आफ्नै विविधतायुक्त संस्कृति छ । त्यसै विशाल मध्यदेशको एक सीमान्त खण्ड नेपालमा पर्छ, जसलाई मधेस भनिएको छ । हिमालयको तल्लो पर्वत चुरेभावरभित्र विभिन्न सातवटा उपत्यका छन्, जसलाई भित्री मधेस भनिन्छ ।

ठाकुरले आफ्नो उपर्युक्त पुस्तकमा मधेसको समस्या देखाउँदै र तिनको समाधानका उपाय उल्लेख गर्दै संघीय शासन प्रणालीको वकालत गरेका छन् । उनले संघीय शासन प्रणालीको अवलम्बनबाट मधेस आन्तरिक औपनिवेशिकताबाट मुक्ति पाउने विचार व्यक्त गरेका छन् ।

मधेस र मधेसी समुदायको हक र अधिकारका निम्ति उनले २०१५ सालदेखि २०३८ सालसम्म केही पुस्तक समेत लेखे– 'भूमि सुधार कानुन और नागरिकता', 'मधेस आन्दोलन और व्याख्या', 'नेपाल और उस की सभ्यता', 'राजद्रोह बनाम वस्तुस्थिति पर' आदि । उनले मधेसमा चेतना जागरणका लागि २०१४ सालमा 'राजहंस' नामक साप्ताहिक पत्रिकाको पनि प्रकाशन गरेका थिए । उनका पुस्तक मधेसका प्रारम्भिक साहित्य हुन् । नेपाली भाषा-साहित्यका स्रष्टाले आफ्ना सिर्जनामा मधेसलाई पृष्ठभूमि बनाए, अर्थात् यहाँका पात्र, परिवेश र परिघटनालाई आफ्ना आख्यानका माध्यमबाट चिनाउने प्रयास गरे तर ती कथा, कविता, उपन्यास मधेसको विम्ब बन्न सकेनन् । तिनले मधेसको मन छाम्न र मधेसको प्रतिनिधित्व गर्न सकेनन् तर रघुनाथ ठाकुरले आफ्ना पुस्तकमार्फत मधेसको यथार्थ विम्ब प्रस्तुत गरे । उनका रचनाले सही मानेमा मधेसलाई जागरुक बनाउने काम गरे; मधेस आन्दोलनको जग निर्माण गरे; मधेसको वकालत गरे र मधेसको भविष्य निर्धारण गरे । उनको साहित्य मधेसी साहित्यको सूत्रधार हो, जसलाई आधार बनाएर उत्तरोत्तर मधेसी साहित्यकारहरूले साहित्य सिर्जना गर्दै आएका छन् ।

रघुनाथ ठाकुर जीवितै हुँदा गजेन्द्रनारायण सिंह नेपाली कांग्रेस त्यागेर तराईको पक्षमा काम गर्न थालेका थिए । तर ठाकुर मारिएकै वर्ष २०३८/३९ तिर सिंहले तराईको पक्षमा आवाज उठाउन 'नेपाल सद्भावना परिषद्' नामक राजनीतिक दबाब समूह गठन गरेको देखिन्छ । उक्त परिषद् २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि नेपाल सद्भावना पार्टीको नामबाट राजनीतिक दलमा परिवर्तित भयो । २०१७ सालमा मासिएको बहुदलीयताको पुनर्स्थापना भए पनि त्यतिबेला खारेज गरिएको संविधान (नेपाल अधिराज्यको संविधान, २०१५) लाई पुनर्जीवन दिने काम गरिएन, नयाँ संविधान निर्माण गर्ने राजनीतिक सहमति बन्यो ।

नयाँ संविधान बनाउने विषय उठेपछि नेपाल सद्भावना परिषद् र त्यसपछि नेपाल सद्भावना पार्टीलाई नेतृत्व गर्दै आएका सिंहले नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचनको माग गरेका थिए तर त्यतिबेला निर्मित राजा, कांग्रेस तथा वाममोर्चाको मिश्रित राज्यसत्ताले सिंहको मागलाई महत्त्व दिएन । त्यही मिश्रित राज्यसत्ताबाट त्रिपक्षीय संविधान निर्माण आयोग गठन गरियो । सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथप्रसाद उपाध्यायको अध्यक्षतामा राजनीतिक व्यक्तिहरू सम्मिलित उक्त आयोगले २०४७ सालमा संविधान बनायो । नेपाल सद्भावना पार्टीले माग गरेका कुरालाई आयोगले सम्बोधन गरेन । आफूले मागेको वा भनेको कुनै पनि कुरा संविधानमा नराखिए पनि नेपाल सद्भावना पार्टी २०४८ सालमा गरिएको आम निर्वाचनमा सहभागी हुन पुग्यो ।

नेपालमा बहुदलीयतामा आधारित यो दोस्रो आम निर्वाचन थियो । २०१५ सालको आम निर्वाचनमा तराई कांग्रेस नेपालले जहाँ एउटै पनि सिट ल्याउन सकेको थिएन, त्यस दृष्टिले हेर्दा यसपटकको निर्वाचनमा नेपाल सद्भावना पार्टी मुस्किलले थ्रेसहोल्ड कटाउँदै कुल ६ वटा सांसद जिताउन सफल भयो । २०५ सदस्यीय प्रतिनिधिसभामा ६ सांसदले मधेसको आवाज बुलन्द गर्न सकेनन् । पछि २०५१ र २०५६ सालको आम निर्वाचनहरूमा यो पार्टीले पटकपटक सरकारमा सामेल हुने अवसर पायो । आफ्नो कुरा नचले पनि सरकारमा सामेल भइरहने नीतिले गर्दा मधेसलाई कुनै लाभ भएन, पार्टीलाई नै हानि भयो ।

# गृहमन्त्री लामिछानेलाई बदनाम गर्न खोजिएको ओलीको भनाइ



**टुडे समाचारदाता**

गोदावरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेको राजीनामा मागेर बदनाम गराउन खोजेको आरोप लगाएका छन् ।

> प्रदेश सरकारको भागबण्डा र कम्युनिष्ट पार्टीबीचको एकीकरणबारे अनुमानका भरमा प्रतिक्रिया दिन नहुने टिप्पणी गरे ।

मंगलबार प्रेस चौतारी कैलालीले धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले सहकारीसँग कुनै सम्बन्ध नै नभएका लामिछानेलाई जबर जस्ती बदनाम गराउन खोजिएको दाबी गरे । लामिछानेको सहकारीसँग कुनै सम्बन्ध नभएको भन्दै उहाँले छानबिनमा कुनै प्रभाव नपर्ने जिकिर गरे । उनले सहकारीपीडितले चाँडै न्याय पाउने समेत उल्लेख गरे । "कुनै मन्त्री वा सांसदविरुद्ध उजुरी पर्दैमा पद नरहने भए मन्त्री र सांसद सबै खाली हुने अवस्था हुने थियो", उनले भने ।

उनले प्रदेश सरकारको भागबण्डा र कम्युनिष्ट पार्टीबीचको एकीकरणबारे अनुमानका भरमा प्रतिक्रिया दिन नहुने टिप्पणी गरे । सोमबार एमाले डडेल्धुराको नवौँ अधिवेशन उद्घाटन गरेर धनगढी पुगेका ओली मंगलबार काठमाडौँ फर्केका छन् ।

# जग्गाधनी प्रमाणपत्र वितरण शीघ्र सम्पन्न हुन्छः प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तयार भएका जग्गाधनी प्रमाणपत्र वितरण गर्न तथा बाँकी काम शीघ्र सम्पन्न गरिने बताएका छन् ।

प्रतिनिधिसभाका सांसदहरूले सोध्नुभएको प्रश्नहरूको मंगलबार जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले विभिन्न कारणले जग्गाधनी प्रमाणपत्र नभएकाहरूलाई उपलब्ध गराइने जानकारी दिए ।

काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाको बडा नं ७ र ८ का जनताले नापीको समस्याका कारणले ५० वर्षदेखि जग्गाधनी प्रमाणपत्र पाउन नसकेको विषयमा आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले जग्गाधनी प्रमाणपत्र वितरण गर्न तथा बाँकी काम शीघ्र सम्पन्न निर्देशन दिइसकेको बताए ।

"त्यस क्षेत्रमा २०३२/३३ सालतिर नापी हुँदा 'फिल्डबुक'मा ९० प्रतिशतसम्म दर्ता भइसक्दा पनि सिमाना विवादलगायत कारणले स्थानीयबाट विरोध हुँदा प्रमाणपत्र दिने काम हुन सकेको थिएन", प्रधानमन्त्री प्रचण्डले भने, "पछिल्लो समयमा यातायात पूर्वाधार निर्माण, अनौपचारिक रूपमा



जग्गाको स्वामित्व हस्तान्तरणलगायत कारणले साविकमा नापजाँच हुँदा र अहिलेको अवस्थामा फरक हुन आएको कारण दर्तामा समस्या देखिएको रहेछ ।"

> "पछिल्लो समयमा यातायात पूर्वाधार निर्माण, अनौपचारिक रूपमा जग्गाको स्वामित्व हस्तान्तरणलगायत कारणले साविकमा नापजाँच हुँदा र अहिलेको अवस्थामा फरक हुन आएको कारण दर्तामा समस्या देखिएको रहेछ ।"

उनले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको दुईवटा भवन मकवानपुरको चित्लाङमा निर्माण भएको र पाँचखाल नगरपालिकामा संरचना निर्माणका लागि विश्विद्यालय अनुदान आयोगको सिफारिस समेतका आधारमा मित्रराष्ट्र चीन सरकारको सहयोगमा संरचना निर्माणका लागि प्रक्रिया अघि बढाइसकिएको बताए ।

सुनकोशी तेस्रो जलविद्युत आयोजना संयुक्तरूपमा कार्यान्वयनका लागि नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरण तथा बङ्गलादेशका तर्फबाट बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डलाई लाइन एजेन्सी तोकिएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले दुई देशबीचको सचिवस्तरीय बैठकको निर्णयानुसार संयुक्त लगानीको कम्पनी स्थापना गर्ने प्रक्रिया अघि बढेको स्पष्ट पारे ।

# महाधिवेशन तयारीमा जुट्न अध्यक्ष नेपालको निर्देशन

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आसन्न १०औँ राष्ट्रिय महाधिवेशनको तयारीमा जुट्न पार्टीपङ्क्तिलाई निर्देशन दिएका छन् ।

अध्यक्ष नेपालले अन्तरपार्टी निर्देशन जारी गर्दै गत फागुन २१ गते गठबन्धन फेरिएर विकसित नयाँ राजनीतिक घटनाक्रमबाट अन्योलमा नपरी महाधिवेशनमा जुट्न कार्यकर्तापङ्क्तिलाई निर्देशन दिएका हुन् ।

जनतामा रहेको निराशालाई सम्बोधन गर्न हामीले प्रयास गर्नुपर्ने बताउँदै उनले भने, "हामीले आवश्यक राजनीतिक पहलकदमी लिँदै अगाडि बढ्नुपर्छ । तर कुनै पनि अन्योलमा नपरी पार्टीको मुख्य ध्यान सङ्गठन तथा सदस्यता विस्तार अभियान र महाधिवेशनमा केन्द्रित गर्नुपर्छ ।"

बदलिएको परिस्थितिमा पार्टी अर्को गठबन्धनमा रहेको उल्लेख गर्दै उनले भने, "मन्त्रीहरूबाट परिणाममुखी काम होउन्, सरकारले राम्रो काम गरोस् ।" पार्टीले आगामी जेठ ३ देखि ७ गतेसम्म काठमाडौँमा गर्न लागेको महाधिवेशनको तयारी सुरु गरेको छ।अध्यक्षनेपालको नेतृत्वमा १० औँ महाधिवेशन मूल व्यवस्थापन कमिटीका साथै विभिन्न १३ वटा कमिटी गठन गरिएको छ । केन्द्रीय कमिटी र केन्द्रीय निकायका सबै सदस्यलाई कमिटीको सदस्यमा राखिएको छ ।

महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरेको पार्टीले सङ्गठन सुदृढीकरण तथा विस्तारकार्य जारी राखेको छ । पार्टीले राजनीतिक, समाजवादी कार्यक्रम, साङ्गठनिक र विधान प्रतिवदेन लेखन कार्य ९० प्रतिशत सम्पन्न गरेको जनाएको छ । महाधिवेशन केन्द्रित अभियान दुई महिनासम्म सञ्चालन गरेकामा यही चैत २५ गतेसम्म चल्ने छ ।

पछिल्लो विकसित राजनीतिक अवस्था, समसामयिक विषयवस्तु, अन्तर्राष्ट्रिय घटनाक्रमको समेत समीक्षा गरी ती प्रतिवेदनका आधारमा एउटै दस्तावेज तयार गरिने सचिव जीवनराम श्रेष्ठले जानकारी दिए । पार्टीभित्रको सबै वैचारिक पक्षलाई समेटेर महाधिवेशनमा एउटै दस्तावेज प्रस्तुत गरिने जनाइएको छ ।

# अर्थमन्त्री पुन र चिनियाँ राजदूत सोङबीच शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुन र नेपालका लागि चिनियाँ राजदूत छन् सोङबीच शिष्टाचार भेटवार्ता भएको छ । मंगलबार अर्थमन्त्रालयमा भएको भेटघाटमा द्विपक्षीय आपसी हित र सहकार्यका विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ ।

भेटमा अर्थमन्त्री पुनले चिनियाँ सहयोग तथा लगानीमा निर्माणाधीन विकास आयोजनाका कामलाई तीव्रता दिन आग्रह गरे । त्यस्तै, लगानी प्रक्रियामा रहेका आयोजना शीघ्र अघि बढ्ने विश्वास पनि उनले व्यक्त गरे ।




पछिल्ला दशकमा चीनले आर्थिक विकास र गरिबी निवारणका क्षेत्रमा गरेको काम विश्वकै लागि उदाहरणीय रहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले चीनको अनुभव नेपालका लागि पनि सान्दर्भिक हुनसक्ने बताए । नेपालको अर्थतन्त्रमा केही शिथिलता देखिएको र जनताको विकासको आकाङ्क्षा उच्च भएकाले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय निकायबाट नेपालले अतिरिक्त सहयोगको अपेक्षा राखेको पनि अर्थमन्त्री पुनले बताए । चिनियाँ लगानीमा चक्रपथको दोस्रो खण्डको काम छिट्टै अघि बढ्ने विश्वास पनि उनले व्यक्त गरे । जिलोङ-केरुङ-रसुवागढी-चिलिमे दुई सय २० केभी अन्तरदेशीय प्रसारणलाइन निर्माण पनि तत्काल अघि बढाउनुपर्ने उनले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को गत असोजमा भएको चीन भ्रमणका क्रममा 'क्रस हिमालय रेलवे' परियोजनालाई प्राथमिकताका साथ अघि बढाउने सहमति भएकामा चिनियाँ पक्षबाट भइरहेको सम्भाव्यता अध्ययनको प्रगतिबारे अर्थमन्त्री पुनले चासो व्यक्त गरे । नेपाल र चीनबीच रेल मार्गसम्बन्धी परियोजनामा यसअघि नै सैद्धान्तिक सहमति भइसकेको छ । केरुङ-काठमाडौँ-पोखरा-लुम्बिनी रेलमार्गको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण जारी छ ।

"रेल मार्ग नेपालीको सपना हो । यो आयोजनालाई हामीले प्राथमिकतामा राखेका छौँ र चिनियाँ पक्षबाट छिटो काम अघि बढोस् भन्ने चाहन्छौँ," अर्थमन्त्री पुनले भने । तातोपानी र रसुवागढी नाका नियमित सञ्चालनमा आएकामा अर्थमन्त्री पुनले चिनियाँ पक्षलाई धन्यवाद व्यक्त गरे । चीनसँगका अरू नाका खोल्नका लागि पनि चिनियाँ पक्षसँग उनले आग्रह गरे । टोखा-छहरे सुरुङमार्ग निर्माणलाई नेपालले प्राथमिकतामा राखेकाले उक्त आयोजनाको सम्भाव्यता अध्ययनको काम चाँडो सकिने विश्वास पनि उनले व्यक्त गरे ।

आगामी वैशाखमा आयोजना हुन लागेको लगानी सम्मेलनका लागि चिनियाँ लगानीकर्तालाई निमन्त्रणा गरिसकिएको जानकारी दिदै अर्थमन्त्री पुनले उक्त सम्मेलनमा बढीभन्दा बढी लगानीकर्ता आउन प्रेरित गरिदिन राजदूत छनमार्फत आग्रह गरे । भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु गर्न पनि उनले आग्रह गरे ।

जवाफमा राजदूत छनले चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण र प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति कार्यान्वयनमा जोड दिए । उनले नेपाल र चीनबीच लामो मित्रता तथा सहकार्य रहेको उल्लेख गर्दै आगामी दिनमा आपसी समन्वय र सहकार्य थप प्रगाढ हुने विश्वास व्यक्त गरे ।

राजदूत छनले नेपालको लगानी सम्मेलन सफलताको शुभकामना दिदै चिनियाँ व्यवसायीको लगानी सम्मेलनमा उत्साहजनक सहभागिता रहने प्रतिबद्धता जनाए । चीनले नेपालको आर्थिक र सामाजिक विकासलाई उच्च प्राथमिकतामा राखेको जानकारी गराउदै उनले कृषि, उद्योग र प्रविधिको क्षेत्रमा लगानी गर्न इच्छुक रहेको बताए ।

"चीन-नेपाल सम्बन्ध उचाइमा पुऱ्याउन तथा नेपालको विकास र समृद्धिमा हातेमालो गर्न चाहन्छौँ । साथै दुई देशबीच आगामी दिनमा आपसी समन्वय र सहकार्य थप प्रगाढ हुने विश्वास दिलाउन चाहन्छौँ," राजदूत छनले भने । पोखरा र भैरहवा विमानस्थलमा चिनियाँ कम्पनीका जहाजले उडान गर्नेबारे छलफल चलिरहेको जानकारी पनि उनले अर्थमन्त्री पुन गराए । त्यसका लागि हवाई रुटका साथै पोखरा-काठमाडौँ र भैरहवा-काठमाडौँ उडानको अनुमति चाहिने उल्लेख गरे ।

# बजेटका प्राथमिकतालाई निरन्तरता दिइनुपर्छ : पूर्वअर्थमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथिको छलफलमा भाग सांसद ज्ञानेन्द्रबहादुर कार्कीले निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले संसद्मा पेस गरेको बजेटका सिद्धान्त र प्राथमिकतालाई स्वामित्व लिएर सरकार अघि बढ्नुपर्ने बताएका छन् ।

उनले निवर्तमान अर्थमन्त्रीले पेस गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकताले अर्थतन्त्रको विद्यमान अवस्थालाई वास्तविक चित्रण एवं आगामी दिनमा तय गर्नुपर्ने बाटो अवलम्बन गरेको छ भने । ठूला पूर्वाधार आयोजना निर्माण तथा उत्पादन क्षेत्रलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकता तयार पारिएको उल्लेख गर्दै पूर्व अर्थमन्त्री कार्कीले अर्थतन्त्रलाई ठीक ढङ्गले अघि बढाउन सकिएन भने थप समस्यामा पर्ने बताए ।

अहिले सार्वजनिक ऋणको दायित्व भुक्तानी र सामाजिक सुरक्षामा ठूलो रकम खर्च भइरहेको उनले बताए । पुँजी निर्माण र उत्पादन तथा उत्पादकत्व बढ्ने गरी बजेटको सिद्धान्त तथा प्राथमिकता तय गरिनुपर्ने उनको भनाइ छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकले अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गर्नुभएको भन्सार विधेयक २०८० माथि विचार गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गऱ्यो । उक्त विधेयक माथि संशोधन पेस गर्न चाहने सांसदलाई ७२ घण्टाभित्र विधेयक शाखामा संशोधन पेस गर्न भनिएको छ । प्रतिनिधिसभाको अर्को बैठक यही चैत ७ गते बुधबार बिहान ११ बजे बस्नेछ ।


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८०/१२/०७ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **राजविराज** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/०६/२४ गते **मधेशदृष्टि** पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री हाम्रो कृषि सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : राजविराज ७, सप्तरी । हालको ठेगाना राजविराज नगरपालिका ०७, सप्तरी । दर्ता नंः ५४-२०६६।०६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : अमिर नारायण यादव (अध्यक्ष)**
बाबु : छेदी यादव
बाजे : नथु यादव
ना प्र नं.: ४४६४ सप्तरी
ठेगाना : : राजविराज ६, सप्तरी

**२) नाम : पुरन्धर दास (उपाध्यक्ष)**
बाबु : विश्वनाथ दास
बाजे : रुन्दी लाल दास
ना.प्र.नंः १६२१३०२२, सप्तरी
ठेगाना : बिसहरियाँ २, सप्तरी

**३) नाम : सुशिला तामाङ्ग यादव (सदस्य)**
बाबु : बुद्धि बहादुर बल
ससुरा : सल्य नारायण यादव
पति शंकर कुमार यादव
ना.प्र.नंः १६१००१/११३०, सप्तरी
ठेगाना : राजविराज ५, सप्तरी

**४) नामः सकुन देवी यादव (सदस्य)**
बाबु : सुकल यादव
पति भुवन यादव
ससुरा : दर्पी यादव
ना.प्र.नंः २३३६, सप्तरी
ठेगाना : राजविराज ६, सप्तरी

**५) नाम : आशा देवी यादव (सदस्य)**
बाबु : कामेश्वर यादव
पति : दिगम्बर यादव
ससुरा खटर यादव :
ना.प्र.नं ४५१३ सप्तरी
ठेगाना : राजविराज ६, सप्तरी

**६) नाम : मन्जु मल्ल (सदस्य)**
बाबु : लोक बहादुर बिष्ट
पति : रबिन कुमार मल्ल
ससुरा केशर बहादुर मल्ल
ना.प्र.नंः ७१४४, सप्तरी
ठेगाना : राजविराज ६, सप्तरी

**७ ) नाम : राघबेन्द्र साह तेली (सदस्य)**
बाबु : कैलु साह, बाजे : नन्दकिसोर साह,
ना.प्र.नंः ३१६०८६९३२, सप्तरी, ठेगाना : राजविराज ६, सप्तरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. बेचु मियाँको बुहारी मो. सदरुल हकको श्रीमती सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स. वडा नं. ०२ बस्ने समिना खातुनको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला सखडा गा.वि.स. वडा नं.२(ख) को कित्ता नं. ७८५ को क्षेत्रफल ०-२-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री युगेश्वर प्रसाद भगतको बुहारी स्व. चन्द्रकान्त गुप्ताको श्रीमती सप्तरी जिल्ला शम्भुनाथ गा.वि.स. वडा नं. ०१ बस्ने कुमारी भावना गुप्ताको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला सखुवा कचनदाहा गा.वि.स. वडा नं. १(क) को कित्ता नं. २७५ को क्षेत्रफल २-९-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय राजविराजबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै राजविराज शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop



## आई.पि.ए. गुट्खा उद्योगको पुँजी तथा क्षमता बृध्दि गरी संचालनकोलागि

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/७)**

मधेश प्रदेश, महोत्तरी जिल्ला, सम्सी गाउँपालिका वडा नं. ०२ मा आई.पि.ए. गुट्खा उद्योगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | आई.पि.ए. गुट्खा उद्योग, सम्सी गाउँपालिका वडा नं. ०२ |
| प्रस्तावको व्यहोरा | आई.पि.ए. गुट्खा उद्योग,को पुँजी तथा क्षमता बृध्दि गरी संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला,गाउपालिका | महोत्तरी जिल्ला, सम्सी गाउँपालिका, वडा नं. ०२ |
| कित्ता नं. | ९६८, ९६९ |
| कुल जग्गाको क्षेत्रफल | ९ कठ्ठा २ धुर |
| वार्षिक उत्पादन हुने वस्तु र उत्पादन क्षमता | Gutkha– 1500000 KG<br>Jarda– 640000 KG |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागी पत्राचार गर्ने ठेगानाः**

१. श्री सम्सी गाउँपालिका , वडा नं.०२ को कार्यालय
२. श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौँ, फोन नं. ०१-५३५६२११
३. श्री आई.पि.ए. गुट्खा उद्योग, सम्सी गाउँपालिका, वडा नं. ०२
४. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौँ फोन नं. ९८४६४०४११८

# गाजाको 'शतप्रतिशत' जनसंख्या 'गम्भीर खाद्य असुरक्षाको अवस्थामा'

**एएफपी**

मनिला । गाजाको सम्पूर्ण जनसंखयाले 'गम्भीर स्तरको खाद्य असुरक्षा' को सामना गरिरहेको अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले मङ्गलबार बताउनुभएको छ । समस्याको समाधानका लागि गाजामा सहायता सामग्रीको बढीभन्दा बढी ढुवानी आवश्यक रहेको उहाँले बताउनुभयो ।

फिलिपिन्सको औपचारिक भ्रमणमा रहेका ब्लिन्केनले फिलिपिन्समा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "खाद्य असुरक्षाको मापन गर्ने सबैभन्दा मान्य उपाय अपनाएर गरिएको अध्ययनले गाजामा शत प्रतिशत जनसङ्ख्या तीव्र खाद्य असुरक्षाको गम्भीर स्तरमा रहेको देखाएको छ । यो गाजाको इतिहासमा नै सम्भवतः पहिलो जटिल खाद्य सङ्कट हो ।"ब्लिन्केनको यो भनाइ मध्यपूर्वका साउदी अरब र इजिप्टमा गाजा युद्धविरामको लागि प्रयास र सहायता वितरण



बढाउने प्रयासको बारेमा छलफल गर्न फर्कने तयारी भइरहँदा आएको हो ।

संयुक्त राष्ट्रसङ्घ समर्थित खाद्य सुरक्षा मूल्याङ्कनले सोमबार सार्वजनिक प्रतिवेदनमा आधा गाजावासीले 'खतरनाक' भोकमरीको सामना गरिरहेका र तत्काल हस्तक्षेप नगरे सन् २०२४ मे महिना सम्ममा यस क्षेत्रको उत्तरी क्षेत्रमा नागरिकहरूले अनिकाल र भाकमरीको सामना गर्नुपर्ने अनुमान गरिएको छ ।संयुक्त राष्ट्रसङ्घका मानवीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले घेराबन्दीमा परेको प्यालेस्टाइनी क्षेत्रमा निर्वाध रूपमा सहयोग गर्न दिन इजरायललाई आग्रह गर्नुभएको छ ।

गत अक्टोबर ७ मा हमासले इजरायलमाथि अकल्पनीय आक्रमण गरेपछि बदलामा इजरायलले गाजामा हमासविरूद्धको कारबाही सुरू गरेपछि गाजामा अहिलेसम्मकै सबैभन्दारक्तपातपूर्णयुद्धसुरुभएको थियो ।इजरायलले हमासद्वारा सञ्चालित प्यालेस्टाइनी क्षेत्रमा निरन्तर बमबारी अभियान र जमीनी आक्रमणबाट आफूविरूद्ध हमासले गरेको आक्रमणको बदला लिइरहेको छ ।

सहायता निकायहरूले गाजा र विशेष गरी यसको उत्तरमा पहुँच प्राप्त गर्न ठूलो कठिनाइ भइरहेको बताएपछि संयुक्त राष्ट्रसङ्घले हप्तौँदेखि गाजामा अनिकाल पर्न सक्ने चेतावनी दिँदै आएको छ ।

"अनिकालको लागि प्राविधिक मापदण्ड अझै पूरा भएको छैन तर सबै प्रमाणले मृत्यु र कुपोषणको ठूलो वृद्धितर्फ सङ्केत गर्दछन्," गाजाका लागि एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आईपीसी) साझेदार ीसँग सम्बन्धित अधिकारीहरूले बताएका छन् ।

# ऋणात्मक ब्याजदर अन्त्य गरिएको 'बैंक्त अफ जापान' को घोषणा



**एएफपी**

टोकियो ।'बैङ्क अफ जापान'ले ऐतिहासिक नीतिगत सुधारमा ऋणात्मक ब्याजदर अन्त्य गरेको छ। बैङ्कले मङ्गलबार १७ वर्षमा पहिलो पटक ब्याजदर वृद्धिमा आफ्नो नकारात्मक ब्याजदर नीति अन्त्य गर्ने निर्णय गरेको हो ।

केन्द्रीय बैंकको नीति बोर्डले नीति निर्धारणका लागि बसेको दुई दिने बैठकपछि अल्पकालीन दरलाई एक तहमाथि लग्दै माइनस ०.१ देखि ० प्रतिशतबाट बढाएर ० देखि ०.१ प्रतिशतको दायरामा लाने निर्णय गरेको छ । बैङ्कले स्थिर २ प्रतिशत मुद्रास्फीति प्राप्त गर्ने लक्ष्यलाई मध्यनजर गर्दै उक्त निर्णय लिएको बताएको छ ।

बैठकपछि बैङ्कले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मूल्य स्थिरताको लक्ष्य दिगो र स्थिर रूपमा दुई प्रतिशत हासिल हुने देखिएको छ । सकारात्मक दरहरूलाई परिपक्व दायरामा ल्याउने क्रममा बैङ्कले अत्यधिक व्याजदर नियन्त्रण नीतिलाई खारेज गर्ने निर्णय गरेको छ। यस अन्तर्गत केन्द्रीय बैङ्कले दीर्घकालीन ब्याज दरहरू लगभग शून्य प्रतिशतमा राख्न सकियोस् भनी जापानी सरकारी ऋणपत्रको ठूलो मात्रा खरीद गरेको थियो ।"

यसैबीच, बैङ्कले घरायसी उपभोग सुस्त रहेकाले अर्थतन्त्रमा निरन्तर कमजोरी रहेको औँल्याएको छ भने ब्याजदरमा तीव्र वृद्धि हुन नदिन सरकारको ऋणपत्र आवश्यकताअनुसार खरिद जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ ।बैङ्कले सन् २०१६ मा ऋणात्मक दर र प्रतिफल वक्र नियन्त्रण सुरु गरेको थियो । यो बैङ्कको दशकभन्दा लामो 'अल्ट्रालुज' (अत्यधिक कम अर्थात् ऋणात्मक ब्याजदर) मौद्रिक नीति प्रोत्साहनको प्रतीक थियो ।

बैङ्कद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "नकारात्मक दर र उत्पादन वक्र नियन्त्रण कार्यक्रममा मौद्रिक सहजता ढाँचा समावेश हुन्छ र यसमा बैङ्कले आफ्नो भूमिका 'पूरा' गरेको छ ।"

प्रमुख जापानी फर्महरूले यस महिना प्रमुख श्रमिक सङ्घसङ्गठनहरूसँग ज्यालामा ५.२८ प्रतिशत वृद्धि गर्न सहमत भएपछि मङ्गलबार अपेक्षित कदम आएको छ, जसले ३३ वर्षमा सबैभन्दा ठूलो वेतन वृद्धिलाई सङ्केत गरेको छ भने केन्द्रीय बैङ्कको विश्वासलाई बढाएको छ ।

जापानमा स्वस्थ ज्याला-मूल्य चक्रले जरा गाडेको छ र हल्का मुद्रास्फीति जारी रहनेछ । विश्लेषकहरूले भनेका छन्, "प्रमुख नीतिगत सुधारको बावजुद, ब्याज दरहरू निकट भविष्यका लागि धेरै कम रहने सम्भावना छ । बैङ्कका अधिकारीहरूले पहिलो वृद्धिलाई सङ्केतको रूपमा मानेका छैनन् तर चाँडै नै अनुसरण हुनेछ ।"

# साउथ चाइना सी' मा हस्तक्षेप गर्ने अधिकार अमेरिकालाई नभएको चीनको भनाइ



**एएफपी**

नैरोवी । ''साउथ चाइना सी'मा हस्तक्षेप गर्ने अधिकार अमेरिकालाई नभएको चीनले मङ्गलबार बताएको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले विवादित जलमार्गमा भएको सशस्त्र आक्रमणविरुद्ध फिलिपिन्सको रक्षा गर्ने आफ्नो प्रतिबद्धतामा वासिङ्टन अडिग रहेको बताएपछि चीनको उक्त भनाई आएको हो ।

"संयुक्त राज्य अमेरिका 'साउथ चाइना सी' को मुद्दाको पक्ष राष्ट्र होइन र चीन र फिलिपिन्सबीचको सामुद्रिक मामिलामा हस्तक्षेप गर्ने कुनै अधिकार छैन," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा भन्नुभयो ।

सन् २०२२ मा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि दोस्रो पटक फिलिपिन्सको राजधानी मनिला पुगेका ब्लिन्केनले मित्रराष्ट्रका लागि चीनविरुद्धको अमेरिकी समर्थनलाई मजबुत बनाउन संक्षिप्त एसिया भ्रमण गर्नुभएको हो ।

ब्लिन्केनको टिप्पणीबारे सोधिएको प्रश्नको जवाफमा लिनले भन्नुभयो, "अमेरिका र फिलिपिन्सबीचको सैन्य सहकार्यले 'साउथ चाइना सी'मा चीनको सार्वभौमिकता, सामुद्रिक अधिकार र हितलाई हानि पुऱ्याउनु हुँदैन र फिलिपिन्सको अवैध दाबीका लागि प्लेटफर्म प्रदान गर्न अझै कम अवसर प्रयोग गर्नुपर्छ ।"

"चीनले आफ्नो क्षेत्रीय सम्प्रभुता र सामुद्रिक अधिकार र हितको दृढतापूर्वक रक्षा गर्न र 'साउथ चाइना सी' मा शान्ति र स्थिरता कायम गर्न आवश्यक कदम चालिरहनेछ," उहाँले भन्नुभयो ।

ब े इ ि ज ङ ल े फिलिपिन्सलगायत दक्षिणपूर्वी एसियाका धेरै राष्ट्रहरूको प्रतिस्पर्धात्मक दाबीलाई बेवास्ता गर्दै विश्व व्यापारका लागि महत्वपूर्ण मार्गका रूपमा रहेको 'साउथ चाइना सी' को करिब सम्पूर्ण भूभागमाथि दाबी गर्दै आएको छ ।

# आँधीका कारण ७०० जना अलपत्र

**एएफपी**

सिड्नी । अस्ट्रेलियाको सुदूर उत्तरी क्षेत्रमा मङ्गलबार आएको उष्णकटिबन्धीय चक्रवातका कारण करिब ७०० जना व्यक्ति अलपत्र परेका छन् ।

अस्ट्रेलियाली प्रतिरषा बलले बोरोलोलाको सानो उत्तरी क्षेत्र समुदायका बासिन्दालाई बाहिर निकाल्ने प्रयास गरेको तर सोमबार विमान अवतरण गर्ने प्रयासमा खराब मौसमका कारण बाधा पुगेको थियो ।सोमबार दिउँसो आएको हावाहुरीका कारण स्थानीयवासीलाई समुदायमा आश्रय लिन आग्रह गरिएको छ ।

जोखिमका हिसाबले तेस्रो तहको आँधीका रूपमा वर्गीकरण गरिएको यो मौसमी विपत्तिका कारण उक्त क्षेत्रमा १७० देखि २०० किलोमिटर प्रतिघण्टाको रफ्तारमा हावाहुरी चलेको मौसम विज्ञान विभागले जनाएको छ ।

# केन्याको बस दुर्घटनामा ११ विद्यार्थीको मृत्यु, ४२ जना घाइते

**एएफपी**

नैरोबी । केन्याली विश्वविद्यालयका विद्यार्थी चढेको एउटा बस भारी वर्षाका कारण चिप्लिएर व्यस्त राजमार्गमा ट्रकसँग ठोक्किँदा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै ४२ जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

केन्याको राजधानी नैरोबीबाट ३६० किलोमिटर टाढा रहेको माउन्गुमा स्थानीय समयअनुसार सोमबार साँझ ५:५० बजे केन्याटा युनिभर्सिटीका विद्यार्थीहरू तटीय शहर मोम्बासातर्फ जाँदै गर्दा दुर्घटना भएको थियो ।दुर्घटनामा १० जनाको घटनास्थलमा नै मृत्यु भएको र एक जनाको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीले दिएको विवरणमा भनिएको छ, "भारी वर्षा भइरहेको बेला विश्वविद्यालयको बसका चालकले अन्य सवारी साधनलाई उछिन्दा ५८ जना सवार बस सडकको दाहिनेतिर चिप्लिएको र ट्रकसँग ठोक्किएको खान थियो ।"केन्याली रेड क्रसले घाइतेहरूलाई नजिकैको भोइ शहरको एक अस्पतालमा लगिएको जनाएको छ ।पूर्वी



अफ्रिकी राष्ट्र केन्यामा खराब सडक संरचना, पूराना सवारी साधन र चालकको लापर्बाहीका कारण हुने सडक दुर्घटनाका कारण बर्षेनी सयौं व्यक्तिले अकालमा ज्यान गुमाउने गर्छन् । राष्ट्रिय यातायात तथा सुरक्षा प्राधिकरणको तथ्याङ्कअनुसार केन्यामा सन् २०२३ मा सडक दुर्घटनामा परी चार हजार ३२४ जनाको मृत्यु भएको छ भने १८ हजार ५६१ जना घाइते भएका छन् ।

यद्यपि, सन् २०२४ जनवरी १ देखि फेब्रुअरी ११ को बीचमा ५३६ जनाको मृत्यु भएको थियो, को सुरुवात घातक थियो, जनवरी १ देखि फेब्रुअरी ११ को बीचमा ५३६ जनाको मृत्यु भएको थियो । जुन गत वर्षको सोही अवधिको तुलनामा पाँच प्रतिशतले बढी हो ।फेब्रुअरी ११ मा भएको सडक दुर्घटनामा २४ वर्षीय विश्व म्याराथन कीर्तिमानधारी केल्भिन किप्टमको मृत्यु भएको थियो ।

# बेगनासमा प्रथम राष्ट्रिय ड्रागन दौड प्रतियोगिता हुने



**टुडे समाचारदाता**

लेखनाथ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखराको पर्यटकीयस्थल लेखनाथको बेगनास तालमा प्रथम राष्ट्रिय ड्रागन बोट दौड प्रतियोगिता गरिने भएको छ ।

फागु पूर्णिमाको अवसर पारेर यही चैत ११ र १२ गते होटल तथा रेष्टुरेन्ट एसोसिएसन लेखनाथ, पोखरा महानगरपालिका र ड्रागन बोट सङ्घ गण्डकीले बेगनासतालमा प्रतियोगिता गर्न लागेका हुन् ।

प्रतियोगितामा १२-१६ समूहले सहभागिता जनाउने आज बेगनास ताल किनारमा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्था ड्रागन बोट सङ्घ गण्डकीका अध्यक्ष दीपक सुवेदीले जानकारी दिए ।

बेलनास तालमा ड्रागन बोट दौड प्रतियोगितासँगै लेखनाथ क्षेत्रका सात सालमा पाइने माछाको प्रदर्शन, स्थानीय वेशभूषा तथा झाँकी प्रदर्शन, नेपाल-चीन सम्बन्ध झल्कने वस्तु एवं परिकार, पर्यटकीय स्थानको प्रचारप्रसार, मनोरञ्जनात्मक साङ्गीतिक कार्यक्रम गरिने जानकारी होटल तथा रेष्टुरेन्ट एसोसिएसनका अध्यक्ष वीरभद्र कँडेलले दिए ।

प्रतियोगिता सम्पन्न गर्न रु ४५ लाख खर्च हुने र रु ४० लाख सहयोग जुटेको जानकारी पनि पत्रकार सम्मेलनमा दिइएको छ । प्रतियोगिता सम्पन्न गर्न नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले रु २० लाख र बाँकी रकम विभिन्न सङ्घसंस्थाबाट जुटाइने जानकारी कँडेलले दिए ।

सात तालको बगैँचा सहर लेखनाथका तालमा स्वदेशी तथा विदेशी पर्यटकको संख्या न्यून हुँदै गएपछि बेगनास तालमा यस्तो प्रतियोगिता गरी पर्यटक प्रवर्द्धन गर्न लागिएको हो । प्रतियोगिताको ८० प्रतिशत तयारी पूरा भएको जानकारी आयोजक संस्थाले दिएका छन् ।

ड्रागन बोट दौड प्रतियोगिता पाँच सय र दुई सय मिटर दूरीमा खेलाइने छ ।

प्रतियोगितामा प्रथम हुनेलाई रु तीन लाखसहित सम्मानपत्रद्वारा पुरस्कृत गरिने छभने द्वितीय रु दुई लाख, तृतीय एक लाख र सान्त्वना रु ५० हजारसहित सम्मान पत्रद्वारा पुरस्कृत हुने छन् । प्रतियोगिता सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरिएका छन् ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख नवीन पोखरेलले खेललाई पर्यटनसँग जोड्न सकेमा यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउँदै पर्यटन बोर्डले बेगनास र लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न यस वर्ष रु ४५ लाख छुट्याएको जानकारी दिए । यस क्षेत्रका बासिन्दाले जति धेरै पर्यटन प्रवर्द्धनका गतिविधि बढायो त्यति नै धेरै पर्यटन आउने र आर्थिक चलायमान हुने विश्वास पोखरेलले दिलाए ।

महानगरपालिका-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले बेगनास तालमा पर्यटकको सङ्ख्या वृद्धि गर्न व्यवस्थित पार्क, आधुनिक शौचालय, पर्यटकलाई सहजै रुपमा आफ्ना गसतिविधि र डुङ्गा शयर गर्ने व्यवस्था मिलाइने बताए । बेगनास तालमा तीन सय ३१ डुङ्गा छन् भने तालमा पर्यटक आकर्षित गर्न गत साउनदेखि 'मोटरबोट' सञ्चालनमा ल्याइएको छ ।

प्रकृतिले सिँगारेको यो ताल यहाँको मुख्य आकर्षण हो । धार्मिक महिमा बोकेको ताल बराह यहीँ पर्छ । ऐतिहासिक कोत मन्दिरले पनि बेगनासको महत्व बढाएका छन् । बेगनास नजिकै रुपा, दिपाङ, खास्टे, गुँदे, न्यूरेनीलगायत ताल अवस्थित छन् । पोखराको पृथ्वीचोकदेखि १४ किमी र तालचोकदेखि साढे तीन किमी यात्रापछि बेगनास ताल पुग्न सकिन्छ ।

# आर्मीले कर्णालीलाई हरायो



**टुडे समाचारदाता**

काठमाण्डु । आठौँ महिला तथा पुरुष भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा मंगलबार भएको खेलमा आर्मीले कर्णाली प्रदेशलाई ३-० ले पराजित गऱ्यो । आर्मीले कर्णालीमाथि २५-१६,२५-२३ र २५-७ को जित निकाल्यो । जितसँगै समूह'ए' को आर्मीले दुई खेलमा तीन अङ्क जोडेको छ । हारसँगै तीन खेलमा पराजित कर्णाली प्रतियोगिताबाट बाहिरिएको छ ।


पहिलो खेलमा आर्मी एभरेष्ट भलिबल क्लबसँग ३-१ सेटले पराजित भएको थियो । त्यस्तै कर्णाली नेपाल पुलिस क्लब र एभरेष्ट क्लबसँग पराजित भएको थियो । नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगिताका विजेता टोलीले रु पाँच लाख, उपविजेताले रु दुई लाख ५० हजारर र तेस्रो हुने टोलीले रु एक लाख २५ हजार प्राप्त गर्नेछन् ।

# सेपाक ताक्रो खेलाडी ५० हजारसहित सम्मानित

**टुडे समाचारदाता**

किमाथाङ्का । संखुवासभाको चिचिला गाउँपालिकाले सेपाक ताक्रो दक्षिण एसियाली खेलकुद (साग) प्रतियोगितामा पदक विजेतालाई सम्मान गरेको छ ।

गाउँपालिकाले चिचिला-१ का रोशन गुरुङलाई रु ५० हजारसहित सम्मान गरेको हो । जिल्ला सेपाक ताक्रो सङ्घका अध्यक्ष रोषण थापा मगरले जानकारी दिए । सेपाक ताक्रो खेलाडी गुरुङलाई खेलाडीको हौसलाका लागि गाउँपालिकाले खेलाडी गुरुङलाई नगदसहित सम्मान गरेको गाउँपालिका अध्यक्ष पासाङ



नुर्वु शेर्पाले बताए । यस्ता सम्मानले खेलाडीमा उत्साह थप्ने सेपाक ताक्रो सङ्घका जिल्ला अध्यक्ष थापा मगरले बताए । गुरुङ प्रतियोगितामा नेपाल उपविजेता बनेका हुन् । उक्त अवसरमा जिल्ला सेपाक ताक्रो सङ्घका पदाधिकारी उपस्थित थिए । गत फागुन १७ देखि २० गतेसम्म सञ्चालन भएको सोपाक ताक्रो दक्षिण एसियाली खेलकुद (साग) प्रतियोगितामा गुरुङले नेपालका तर्फबाट खेल खेलेका थिए । सेपाक ताक्रो खुट्टाले खेलिने खेल हो ।

# कृषि मजदुर पाउनै मुस्किल

**टुडे समाचारदाता**

चितवन । युवा जनशक्ति विदेश पलायन हुँदा यहाँ कृषि मजदुर पाउनै मुस्किल भएको छ। व्यावसायिक खेती गर्ने मजदुरको अभावमा धेरैले जनशक्ति खपत हुने कृषि कर्म छाड्दै गएका हुन् ।

पहिले पहिले कम पारिश्रमिकमा कृषि मजदुर पाउने भए पनि अहिले पाएका कामदारसमेत चर्को ज्याला तिर्नुपर्ने बाध्यता छ । भरतपुरको अमृतनगरमा रहेको युवा आधुनिक सामूहिक खेती फार्मका सचिव सुमन सुवेदी अहिले कामदारको खोजीमा नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) हुप्सिकोट गाउँपालिका पुगेको बताउछन् ।



त्यहाँबाट आएका युवालाई काममा लगाएर खेती गर्ने उनको योजना छ । उनले विगत पाँच वर्षदेखि तरकारीखेती गर्दै आएका छन् । तरकारीखेतीका लागि कामदार नपाएपछि खोज्न हिँड्नु परेको उनले गुनासो गरे। उनले भने, “कामदारको खोजीमा ठाउँठाउँमा पुग्नुपर्ने बाध्यता छ तर पनि लामो समय काम गर्ने कोही पाइँदैन।”

कृषि क्षेत्रमा काम गर्ने कामदारलाई बस्न र खान दिएर सीप अनुसार रु १२ देखि २० हजार तलब दिने गरिएको उनले बताए । उनले भने, “कामदार नपाउने र आफूले मात्रै गर्न नसक्ने अवस्था आएपछि कृषि कर्ममा लागेका सबै किसान पलायन हुने अवस्था आउन सक्छ।”

यस्तै अवस्था रहे दुई-तीन वर्षमा सबैका खेतबारी बाँझै रहने उनले बताए।

सामूहिक खेतीअन्तर्गत अहिले एक सय ५० बिगाहा क्षेत्रफलमा तरकारीखेती गरिएको भए पनि आवश्यक कामदार नपाउँदा थोरै कामदारले हुने काम मात्रै गर्दै आइएको छ । अहिले धेरै कामदार लाग्ने खेती खुर्सानी, भिन्डी, सिमीजस्ता तरकारी बाली गर्न किसानले छाडिसकेको उनले बताए।

अहिले कामदार लिन मधेससम्म पुग्नुपरेको उहाँले गुनासो गर्नुभयो । उनले भने, “अहिले तरकारीलाई थाँक्रो राख्ने समय भएको छ तर कामदार पाउन सकिँदैन, अब के गर्ने ?” कामदारको खोजीका लागि मात्रै एकजना दौडिनुपर्ने बाध्यता उनको भनाइ छ । अमृतनगर क्षेत्रमा हुप्सीकोटका मात्रै एक सयभन्दा बढी कामदार आएर काम गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तरकारी जोनका संयोजक लेखनाथ भुसालले जानकारी दिए । उनले भने, “जिल्लामा कामदार पाउनै मुस्किल भयो।”

एक वर्षभन्दा बढी लामो समय बस्ने कामदारको बीमासमेत गर्ने गरी कामदार ल्याए पनि छ महिनाभन्दा नबस्ने गरेको उनको भनाइ छ। पाँचदेखि २० बिगाहासम्म कृषि गर्ने ५० किसान रहेको जनाउँदै उनले अब यस्तै अवस्था रहे सबै विदेश पलायन हुने स्थिति आउने बताए। उनले भने, “अहिले बारीमा तरकारी टिप्नेसमेत कामदार पाउन मुस्किल भयो, व्यावसायिक किसानले कसरी खेती गर्ने ?”

काम गर्ने मजदुर नपाएपछि प्रविधिको प्रयोग गरेर विषादी छर्ने काम सुरु गर्न लागिएको भरतपुर महानगरपालिका-२५ अमृतनगरका कृषक सुजनबाजु भण्डारीले बताए । उनले भने, “अहिले औषधि छर्नका लागि ड्रोनको प्रयोग गर्ने योजनामा रहेका छौं।”जिल्लामा हाल १० कठ्ठाभन्दा धेरै जग्गामा कृषि कर्म गर्ने दुई हजार किसान रहेको अनुमान गरिएको छ । उनीहरु अहिले कामदार पाउन नसक्दा समस्यामा पर्न थालेका छन् । जिल्लामा कामदार नपाउनु र बाहिरबाट आएका कामदारले छोटो समयमा काम छाड्नुले समस्या बढ्दै गएको भण्डारीले बताए।

## ग्रामीण भेगका महिलामा पाठेघरको समस्या अधिक

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको ग्रामीण भेगका धेरै महिला पाठेघारको समस्याबाट पीडित भएका पाइएको छ। उनीहरूको स्वास्थ्य परीक्षण गर्दा पाठेघरको समस्या अत्यासलाग्दो पाइएको छ। लायन्स क्लब अफ बर्दिबास समाजले बर्दिबासमा आयोजना गरेको दुईदिने महिलाका लागि प्रजनन स्वास्थ्य शिविरबाट यो पुष्टि भएको छ।

समाजले सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरको प्राविधिक सहयोगमा आइतबार र सोमबार सञ्चालन गरेको शिविरमा परीक्षण गरिएका आठ सय ५९ मध्ये दुई सय दुईजनाको पाठेघरमा गम्भीर समस्या पाइएको छ। शिविरमा परीक्षण गरिएकामध्ये ३३ जनामा क्यान्सर र ४२ जनामा आङ खस्ने समस्या पाइएको शिविरको प्राविधिक टोलीका वरिष्ठ निरीक्षक हरिहर उप्रेतीले जानकारी दिए।

शिविरमा तीन सय ५० जनाको दोस्रो चरणको सूक्ष्म जाँच गरिएको जनाइएको छ। क्यान्सरको सङ्क्रमण भएमध्ये १९ जना २२ देखि ४० वर्ष उमेरसमूहका छन्। शिविरमा आङ खस्ने समस्याको प्रथम र दोस्रो चरणका १६ जनालाई ‘रिङ’ लगाइएको समाजका अध्यक्ष उमेश महतोले बताए। क्यान्सर लागेकामध्ये आठ जना, आङ खस्ने समस्याको तेस्रो चरणका २६ जनालाई शल्यक्रिया गरिनुपर्ने चिकित्सकले सुझाएका छन्। यिनीहरूको शल्यक्रिया काठमाण्डुका अस्पतालमा निःशुल्क गराइने शिविरको प्राविधिक सहयोगी संस्था सामुदायिक सेवा प्रतिष्ठान भक्तपुरले जनाएको छ। शिविरमा क्यान्सर सङ्क्रमण पुष्टि भएका ३३ मध्ये २५ लाई यहीँ नै प्रारम्भिक उपचार थालिएको छ।

प्रारम्भिक चरणको सङ्क्रमण पाइएकाहरूको औषधीय उपचार गरिएको र यिनीहरूले पाँचौं महिनामा पुनः परीक्षण गर्नुपर्ने छ।

# नेप्से परिसूचकमा छ दशमलव २४ अङ्कको गिरावट




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक छ दशमलव २४ अङ्कले घटेर दुई हजार ६७ दशमलव २९ को अङ्कमा कायम भएको हो ।

मंगलबार तीन सय सात कम्पनीक ९४ लाख ७८ हजार नौ सय ३३ कित्ता शेयर ६३ हजार आठ सय एक पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ६३ करोड ३९ लाख ३६ हजार पाँच सय ५४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

वित्त समूह दुई दशमलव १०, जीवन बीमा समूह शून्य दशमलव ०६ र लघुवित्त समूह दुई दशमलव ०३ अङ्कले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । मंगलबार सबैभन्दा धैरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ३८ र व्यापार समूह एक दशमलव ३१ प्रतिशतले घटेको छ । बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड र सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

त्यसैगरी, धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड नौ दशमलव ९९ र इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ४५ प्रतिशतले बढेको छ। सबैभन्दा धैरै घट्नेमा भने सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्कीम-२ सात दशमलव ०८ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको छ दशमलव ९१ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धैरै शिवम् सिमेन्ट लिमिटेडको रु २५ करोड ९७ लाख २२ हजार तीन सय ६७ बराबरको कारोबार भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा भने लक्ष्मी इक्विटी फन्डको छ लाख ९९ हजार छ सय ४२ कित्ता शेयर किनबेच भएको छ।


**श्री नव दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.**

**भंगहा न.पा.-४, प्रेमनगर, महोत्तरी**

**E-mail: jyotinab58@gmail.com, Contact No.9809644488**

## ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/०७ गते)**

यस संस्थाबाट ऋण कर्जा लिने तपाई ऋणीले ऋण/कर्जा लिदा गरिदिएको लिखत र ऋण/कर्जा सुविधा स्वीकृति शर्तमा तोकिए बमोजिम यस संस्थालाई बुझाउनु पर्ने ऋण/कर्जा रकमको मासिक ब्याज तथा म्याद भित्र ऋण रकम चुक्ता मुक्तान नगरेको साथै संस्थाबाट लिखित तथा मौखिक रुपमा बारम्बार तर/ताकोता गर्दा समेत लिएको ऋण/कर्जा चुक्ता गर्न तर्फ तत्परता नदेखाएको हुनाले यो ३५ दिनको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सावां, व्याज, हर्जाना तथा अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न ल्याउनु होला । उक्त म्याद भित्र ऋण/कर्जा चुक्ता भुक्तान नगरी बसेमा, ऋण/कर्जा लिदा लेखिएको धितो (दृष्टिबन्धक सहित) को तथा अन्य नेपालको कानुन बमोजिम लिलाम विक्री वा अन्य व्यवस्था गरी लिने व्यहोरा जानकारी गराइन्छ। साथै यस संस्थालाई लेखी दिएको धितो (जग्गा) बाट यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिलिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको नाम तिन पुस्ते र ठेगाना | ऋणी तथा जमानी कर्ता | धितोको विवरण |
|---|---|---|
| **ऋणीको नाम** :- सुशिला देवी काईरी<br>**बाबु/पतिको नाम** :- सरयुग महतो/राम औतार महतो<br>**ससुराको नाम** :- जैलाल महतो<br>**साविकको ठेगाना** :- महोत्तरी जिल्ला, पशुपतिनगर गा.वि.स, वडा नं. ०१<br>**हालको ठेगाना** :- महोत्तरी जिल्ला, भंगहा न.पा, वडा नं. ०४<br>**जारी मिति** :- २०६३/१०/११ जि.प्र.का. महोत्तरी |  | निज ऋणी शुशिला देवी कोईरीकै नाममा दर्ता रहेको जिल्ला महोत्तरी मालपोत कार्यालय बर्दिवासमा दर्ता कायम रहेको महोत्तरी जि. गा.वि.स. भंगहा वार्ड नं. ४, किता नं. १९५ र १ को क्षेत्रफल क्रमशः ०-१२-०-० र १-२-५-० |



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय, गरुडा, रौटहट तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/१२/०७ गते बुधवारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत भुक्तानी सम्बन्धि शर्त कबुलियत उलघंन गर्नु भएकोले निज ऋणीलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैक संग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय गरुडा, रौटहटमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०१/१९ गते बुधवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय, गरुडा, रौटहतमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**१** **ऋणी** : प्रदेश सरकार (प्रदेश नं.२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय रौटहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७८/०५/१८ गते प्रा.फ.र.नं. ११८५८/५२८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७८/०५/२२ (मु.अ.कर. दर्ता मिति २०७८/०५/२२) मा करदताको नाम जय प्रकाश पंडित कारोवारको नाम जे.पी. एक्सपो भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. १०६०४७४५१ को प्रमाणपत्र प्राप्त **जे.पी. एक्सपो । ठेगाना :** रौतहट जिल्ला माधवनारायण न.पा.वडा नं. ६ माधोपुर ।

**प्रोप्राईटर तथा जमानतकर्ता : जय प्रकाश पंडित**
(ना.प्र.नं. १५२ जारी मिति २०६३/०४/०८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७ )।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : विभा कुमारी**
(ना.प्र.नं. ३२३००९/६० जारी मिति २०७०/०१/२८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : माधोपुर गा.बि.स. वडा नं. १,रौतहट (माधवनारायण न.पा. वडा नं. ७, रौतहट) ।
बाबु : दरोगा पंडित/बाजे : जय किसुन पंडित ।
पति : जय प्रकाश पंडित । ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : पारवती देवी**
(ना.प्र.नं.१८४ जारी मिति २०६१/०६/१८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७)।
बाबु : गुगुल पंडित ।
पति : शंकर पंडित ।
ससुरा : नन्दलाल पंडित ।

**जमानतकर्ता : ओम प्रकाश पंडित**
(ना.प्र.नं. ८१८ जारी मिति २०६१/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७)।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : सुनिता देवी**
(ना.प्र.नं. ३२३००९/१० जारी मिति २०६४/०१/०६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १,(हाल माधवनारायण न.पा. वडा नं.७ )।
बाबु : रामस्वार्थ पंडित/बाजे : सिताराम पंडित ।
पति : ओम प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**२** **ऋणी** : प्रदेश सरकार (प्रदेश नं.२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय रौटहट गौरमा औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावलीको नियम ४ बमोजिम मिति २०७८/०५/२० गते उधोग द.न.९८५६/४६७/१९५/३१ मधवनारायण न.पा.मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०७८/०५/२२ (मु.अ.कर. दर्ता मिति २०७८/०५/२२) मा करदताको नाम जय प्रकाश पंडित कारोवारको नाम जे.पी. एक्सपो भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. १०६०४७४५१ को प्रमाणपत्र प्राप्त **जे.पी. ईट्टा उद्योग । ठेगाना :** रौतहट जिल्ला माधवनारायण न.पा.वडा नं.७ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : जय प्रकाश पंडित**
(ना.प्र.नं. १५२ जारी मिति २०६३/०४/०८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७ )।
बाबु : शंकर पंडित । बाजे : नन्दलाल पंडित ।

**जमानतकर्ता : पारवती देवी**
(ना.प्र.नं.१८४ जारी मिति २०६१/०६/१८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं.७)।
बाबु : गुगुल पंडित । पति : शंकर पंडित/ससुरा : नन्दलाल पंडित ।

**जमानतकर्ता : सुनिता देवी**
(ना.प्र.नं. ३२३००९/१० जारी मिति २०६४/०१/०६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १,(हाल माधवनारायण न.पा. वडा नं.७ )।
बाबु : रामस्वार्थ पंडित/बाजे : सिताराम पंडित ।
पति : ओम प्रकाश पंडित/ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : विभा कुमारी**
(ना.प्र.नं. ३२३००९/६० जारी मिति २०७०/०१/२८ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : माधोपुर गा.बि.स. वडा नं. १,रौतहट (माधवनारायण न.पा. वडा नं. ७, रौतहट) ।
बाबु : दरोगा पंडित/बाजे : जय किसुन पंडित ।
पति : जय प्रकाश पंडित । ससुरा : शंकर पंडित ।

**जमानतकर्ता : ओम प्रकाश पंडित**
(ना.प्र.नं. ८१८ जारी मिति २०६१/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला माधोपुर गा.बि.स.वडा नं. १, (हाल माधवनारायण न.पा. वडा नं. ७)।
बाबु : शंकर पंडित ।
बाजे : नन्दलाल पंडित ।

**लिलाम बिक्री हुने सम्पतीको विवरण :**

- जय प्रकाश पंडितको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सन्तपुर(म) गा.वि.स वडा नं ९ नक्सा सिट नं. ९ स्थित कित्ता नं. २६७६, २६७८, २६८०, २६८२, २६८४, २६८६ र २६८८ क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-१०-०, ०-०-७-०, ०-०-७-४, ०-०-१०-०, ०-०-१०-० र ०-०-१०-० (विघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .१
- जय प्रकाश पंडितको नाममा मालपोत कार्यालय गरुडा रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला माधोपुर गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कि.नं. ७१५,७१७, ७१९, ७२४, ७२६ र ७२९ क्षेत्रफल ०-०-९-६, ०-०-१०-०, ०-०-१०-०, ०-०-१३-०, ०-०-७-८ र ०-०-६-८ (विघा) ऐ.ऐ.वडा नं.३ नक्सा सिट नं.३ स्थित कित्ता नं.२७६ क्षेत्रफल ०-१-१९-० (विघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१
- विभा कुमारीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सन्तपुर(म) गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. २४९६ क्षेत्रफल क्रमश ०-४-१६.२५-० (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .१
- विभा कुमारीको नाममा मालपोत कार्यालय गरुडा रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला माधोपुर गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कि.नं.७१८, ७१६, ७२३, ७२५ र ७३० क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-०-९-६, ०-०-१०-०, ०-०-१०-० र ०-०-१०-० (विघा) र ऐ.ऐ. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कित्ता नं. १३३८ क्षेत्रफल ०-०-१६-८ (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१
- ऋणी **जे.पी.एक्सपो ...१ र जे.पी.ईट्टा उद्योग...१ को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.........................................१

**३** **ऋणी** : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६९/१२/१८ गते प्रा.फ.र.नं. १७२५/५०२ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय सिमरा बारा, करदता सेवा कार्यालय गौर रौतहटबाट मिति २०६९/१२/२३ (मु.अ.कर. दर्ता मिति २०७६/०५/११) मा करदताको नाम राकेश कुमार कारोवारको नाम ओमसस्ता जेनरल स्टोर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०१०२५४४६ को प्रमाणपत्र प्राप्त **ओम सस्ता जेनरल स्टोर्स । ठेगाना :** रौतहट जिल्ला पतौरा गा.वि.स.वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं.५) ।

**प्रोप्राईटर तथा जमानतकर्ता : राकेश कुमार**
(ना.प्र.नं. १८६६ जारी मिति २०५७/०८/२६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला पथराबुधराम गा.वि.स.वडा नं.१ (हाल मौलापुर न.पा. वडा नं. ६)।
बाबु : पारस प्रसाद चौधरी । बाजे : असर्फी चौधरी ।

**जमानतकर्ता : अन्नु कुमारी जैसवाल**
(ना.प्र.नं. ३२३०४२-२३८ जारी मिति २०६३/१२/२७ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला पथराबुधराम गा.वि.स. वडा नं.१ (हाल मौलापुर न.पा. वडा नं. ६)।
बाबु : गौरी शंकर प्रसाद । पति : राकेश कुमार/ससुरा : पारस प्रसाद चौधरी ।

**लिलाम बिक्री हुने सम्पतीको विवरण :**

१. राकेश कुमारको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला पतौरा गा.वि.स वडा नं ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. २८७ क्षेत्रफल ०-७-५-० **(विघा)** र ऐ.ऐ. पथराबुधराम गा.वि.स वडा नं २ नक्सा सिट नं. २ स्थित कित्ता नं.८८३ क्षेत्रफल ०-१-१९-० **(विघा)** घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........................................१
२. ऋणी **ओम सस्ता जेनरल स्टोर्सको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.......................................१

**४** **ऋणी : शिव दयाल राय**
(ना.प्र.नं.९६०१/४४८०१२२३ जारी मिति २०३५/०८/०५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा.वडा नं.५)।
बाबु : ईसर राय भन्ने कोलाई राय ।
बाजे : जदु राय यादव ।

**जमानतकर्ता : संजय कुमार यादव**
(ना.प्र.नं. २०३८/८/२३ जारी मिति २०६१/०८/२३ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स.वडा नं.६ (हाल देवाही गोनाही न.पा. वडा नं.५) ।
बाबु : शिव दयाल राय यादव ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : संदीप कुमार यादव**
(ना.प्र.नं. ३२-०१-७३-०५६९५ जारी मिति २०७३/०७/०७ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा. वडा नं.५)।
बाबु : शिव दयाल राय ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : सुशीला देवी यादव**
(ना.प्र.नं. ३२३०८४/३६९ जारी मिति २०६३/१०/१३ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं. ६ (हाल देवाही गोनाही न.पा. वडा नं.५)।
बाबु : महेन्द्र राय यादव ।
पति : बिजय यादव/ससुरा : शिव दयाल राय ।

**जमानतकर्ता : बनारसी देवी यादव**
(ना.प्र.नं. ४७०५ जारी मिति २०५८/११/२० जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा. वडा नं.५)।
बाबु : टेकमन राय यादव ।
पति : शिव दयाल राय यादव ।
ससुरा : ईसर राय भन्ने कोलाई राय ।

**जमानतकर्ता : विजय यादव**
(ना.प्र.नं. ३३३९ जारी मिति २०५८/०९/१५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला कर्कच कर्मैया गा.वि.स. वडा नं.६ (हाल देवाही गोनाही न.पा.वडा नं.५)।
बाबु : शिव दयाल राय ।
बाजे : ईसर राय भन्ने कोलाई राय ।

**लिलाम बिक्री हुने सम्पतीको विवरण :** शिव दयाल राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स वडा नं २ नक्सा सिट नं. २ स्थित कित्ता नं. १२६० क्षेत्रफल ०-१०-१०-० **(विघा)** को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................१

**५** **ऋणी : मुकेश कुमार उपाध्याय**
(ना.प्र.नं. ३२१००१/१९०१ जारी मिति २०६४/११/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ७ (हाल गौर न.पा. वडा नं. ४)।
बाबु : बृज भुषण उपाध्याय। बाजे : अत्यानन्द उपाध्याय।

**जमानतकर्ता : बृज भुषण उपाध्याय**
(ना.प्र.नं. ३२८४-३२५ जारी मिति २०४५/०२/१५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : अत्यानन्द उपाध्याय। बाजे : रामवरण उपाध्या ।

**जमानतकर्ता : उषा देवी**
(ना.प्र.न.: ३२-०१-७६-०१७५३ जारी मिति २०६४/११/२९ प्रतिलिपी जारी मिति २०७६/०२/२० जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : जिवछ मिश्र ।
पति : बृज भुषण उपाध्याय/ससुरा : अत्यानन्द उपाध्याय ।

**जमानतकर्ता :** रंजना कुमारी मिश्र
( ना.प्र.नं. ३२३/०७५ जारी मिति २०६४/०१/०२ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)।
स्थायी ठेगाना : रौतहट जिल्ला धरहरी गा.वि.स. वडा नं.७ (हाल देवाही गोनाही ना.पा. वडा नं.७)। हालको ठेगाना : रौतहट जिल्ला गौर न.पा वडा नं ४ ।
बाबु : पशुराम मिश्र। पतिः मुकेश कुमार उपाध्याय/ससुरा : बृज भुषण उपाध्याय।

**लिलाम बिक्री हुने सम्पतीको विवरण :** बृज भुषण उपाध्यायको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला हथियाही गा.वि.स वडा नं ३ नक्सा सिट नं.३क स्थित कित्ता नं. १४५० र १४४८ क्षेत्रफल क्रमश ०-११-१४-० र ०-३-१०-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, वा शाखा कार्यालय, गरुडा, रौटहट** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, गरुडा, रौटहटमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

# लोसपा बैठकमा प्रतिवेदनमाथि छलफल सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीमा लोकतान्त्रिक समाज पार्टी नेपालको केन्द्रीय समितिको बैठक सुरु भएको छ ।

जिल्लाको बर्दिबासमा लोसपाका नेताहरु जितेन्द्र सोनल, सर्वेन्द्र शुक्ला र रामप्रकाश चौधरीले संयूक्तरुपमा प्रस्तुत गरेको प्रतिवेदनमाथि छलफल गर्ने गरी दुई दिनसम्म केन्द्रीय बैठक चल्ने जनाइएको छ ।

केन्द्रीय समिति बैठकमा प्रस्तुत गरिएको प्रतिवेदनमाथि छलफल गर्नका लागि १० वटा समूहले निर्माण गरेको छ । सो समूहले छलफलबाट आएको राय सहितको निष्कर्ष दिएपछि प्रारम्भिक चरणको बैठक समापन हुने प्रवक्ता आभाष लाभले बताए ।

सो बैठकमा केन्द्रीय समितिका ३११ सदस्य मध्ये २०१ जनाभन्दा बढी सहभागी भएका छन् । 'केन्द्रीय पदाधिकारीका ६४ जना भने सबै सहभागी भएका छन्,' प्रवक्ता लाभले भने, '७ गतेसम्म चल्ने बैठक निक्कै उपलब्धिमूलक हुने विश्वास गरिएको छ ।'

वरिष्ठ उपाध्यक्ष समेत रहेका मधेश प्रदेशका पूर्वमन्त्री जितेन्द्र सोनलले संगठन सुदृढीकरण सम्बन्धी प्रतिवेदन पेश गरेकाछन् भने वरिष्ठ स-अध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले वैठक पछिल्लो राजनीतिका अवधारणामा केन्द्रित रहेको बताए ।

यता रामप्रकाश चौधरीले पार्टीको अन्तरिम विधान बमोजिम गठन भएका २५ वटा भातृ संगठन र शुभेच्छुक ८ वटा संगठन गरी ३३ वटा संगठनको प्रतिवेदन प्रस्तुत गरेका छन् । अन्य संगठनहरू विधानअनुसार नै पूर्णता पाएता पनि लोकतान्त्रिक निजामती कर्मचारी संघको विषय भने छलफलको लागि अगाडि सारिएको जनाइएको छ ।

# सर्लाहीमा पेस्तोलसहित दुई भारतीय 'मस्ट वान्टेड अपराधी' पक्राउ




**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले दुई भारतीय 'मस्ट वान्टेड अपराधी' लाई पेस्तोल र गोलीसहित नियन्त्रणमा लिएको छ । विशेष सूचनाका आधारमा प्रहरीले बरहथवा नगरपालिका-६, मगर टोलबाट एक थान अमेरिकन पेस्तोल र ६ राउण्ड गोलीसहित भारतको सितामढी थाना सैयारा ग्राम सैयारा बस्ने २८ वर्षीय सन्नीकुमार सिंह र मोतिहारी गङ्गापिपरा बस्ने २४ वर्षीय जितेन्द्र कुमार राउतलाई पक्राउ गरेको छ । उनीहरू दुवै भारतीय प्रहरीको 'मस्ट वाण्टेड अपराधी' को सूचीमा रहेका जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सोमबार राति पौने ९ बजेतिर सन्नीकुमार र जितेन्द्रको बरहथवास्थित कोठामा प्रहरी पुगेर खानतलासी लिन खोज्दा जितेन्द्रले आफ्नो साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली फायर गरेका थिए । तत्कालै इलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी नायब उपरीक्षक (डिएसपी) मुक्तिनाथ सापकोटाको नेतृत्वमा खटिएको प्रहरी टोलीले घर घेरा हालेर दुवै जनालाई नियन्त्रणमा लिन सफल भएको छ ।

घटनास्थलबाट एक थान पेस्तोल, त्यसमा लाग्ने एक थान म्याग्जिन, ६ राउण्ड गोली र फायर भएको गोलीको एक थान खोका बरामद भएको प्रहरीले जनाएको छ । दुवैलाई पक्राउ गरी सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालयतर्फ ल्याउँदै गर्दा बसबरिया गाउँपालिका-६, पोखरियाबाट जितेन्द्रकुमार प्रहरीको नियन्त्रणमा भाग्न खोज्दा गोली प्रहार गर्नुपरेको प्रहरीले जनाएको छ ।

गाडीबाट भाग्ने क्रममा जितेन्द्रलाई पाँच राउण्ड गोली फायर गरी नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) दयानिधि ज्ञवालीले जानकारी दिए । जितेन्द्रको बायाँ घुँडा र दाहिने तिघ्रामा दुई राउण्ड गोली लागेको छ ।

घाइते जितेन्द्रलाई प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपश्चात् जनकपुरधाम रेफर गरिएको प्रहरी उपरीक्षक ज्ञवालीले बताए । जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा रहेका सन्नीकुमार सिंहलाई भने मङ्गलबार बिहान पत्रकार सम्मेलन गरी बरामद पेस्तोल र गोलीसहित सार्वजनिक गरिएको छ ।

जितेन्द्रलाई नियन्त्रणमा लिनेक्रममा प्रहरी जवान रमेश विक र प्रहरी जवान दीपेश चौहान घाइते भएका छन् । घाइते दुवै जवानको अवस्था सामान्य रहेको सर्लाही प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए ।

नरेन्द्र र सन्नीकुमार भारतमा दुईवटा कर्तव्य ज्यान, एउटा ज्यान मार्ने उद्योग र एउटा लागूऔषध मुद्दामा फरार अपराधी रहेको प्रहरीले जनाएको छ । नेपाली भूमिमा समेत उनीहरूले बैङ्क तथा सहकारी लुटपाटमा संलग्न भएको तथा कसैको हत्या गर्न 'सुपारी किलर' को रूपमा समेत आएको हुनसक्ने आशङ्कासहित सूक्ष्म ढङ्गले अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक ज्ञवालीले बताए ।

# दुर्घटनामा साहको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

धनुषास्थित जनकपुरधाम-ढल्केवर सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका- ६ स्थित बसही खोला पुलमा मोटरसाइकल दुर्घटना हुँदा महोत्तरीको भंगहा नगरपालिका-५ बस्ने ३५ वर्षीय कैलाश साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

साह मधेश प्रदेश ०२-००७ प ४२६४ नम्बरको मोटरसाइकल गए राति बसही खोलाको पुलमा दुर्घटना भएको थियो । जनकपुरधाम तर्फ आउन लागेको बेला राति दुर्घटना हुँदा गम्भीर घाइते भएका साहलाई उपचारको लागि ढल्केवर स्वास्थ्य चौकी पश्चात प्रादेशिक अस्पताल जनकपुरमा लगिएको थियो ।

उनको उपचारको क्रममा मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले बताए । उनले मोटरसाइकमै सवार अन्य एक व्यक्ति मोटरसाइकलसहित फरार रहेको बताए । फरार व्यक्तिको खोजी र घटना विषयमा थप अनुसन्धान भइरहेको बताए ।

# मधेशमा लेजर प्रविधिबाट उपचार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पहिलो पटक आधुनिक प्रविधिबाट शल्यक्रिया सुरु गरिएको छ ।

जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट पहिलोपटक लेजर प्रविधिबाट विभिन्न रोगको शल्यक्रिया सुरु भएको प्रतिष्ठानका युरोलोजिस्ट डा. सुधिर सिंहले जानकारी दिए ।



उनले लेजर प्रविधिबाट स्टोन, ब्लाडर, पेशाब थैलीलगायतका जटिल रोगको शल्यक्रिया सुरु भएको बताए । आधुनिक प्रविधिबाट मधेश प्रदेशमै शल्यक्रिया हुन थालेपछि उपचारकै लागि अन्यत्र जानुपर्ने बाध्यता नहुने उनले बताए ।

लेजर प्रविधिबाट जटिल शल्यक्रियाहरुसमेत यहाँ नै हुने भएपछि उपचार सेवाकै लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको र यसले तत्कालै शल्यक्रिया माध्यमले निको हुने डा. सिंहले भने । मधेश प्रदेशमै लेजर प्रविधिबाट शल्यक्रिया पहिलो पटक हुन थालेको छ ।

# सप्तरीमा ८२.४ प्रतिशत राजश्व संकलन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज भन्सार कार्यालय बेल्हीले नेपाल सरकारको लक्ष्य अनुसार ८२.४ प्रतिशत राजश्व सङ्कलन गरेको छ । जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका १ बेल्हीस्थित राजविराज भन्सार कार्यालयले आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्ममा पाँच करोड ३३ लाख ३० हजार ७९५ (८२.४) प्रतिशत राजश्व सङ्कलन गरेको छ । यस आव सरकारको राजश्व लक्ष्यमा कार्यालयले ६ करोड ५० लाख ३५ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो ।

कार्यालयका सूचना अधिकारी अजय प्रकाश भगतका अनुसार कर्मचारीको समस्या, खुल्ला सिमाना, बाटोको समस्यालगायतका विविध कारणले लक्ष्य अनुसारको सफलता मिलेको बताए ।

उनले जिल्लाबाट निकासी, पैठारी, लिलामी र अस्थायी पैठारीलगायतका कारोबारबाट ०८०/८१ मा सो परिमाणको राजश्व सङ्कलन भएको छ । खुल्ला सिमाना कारण गाउँको बाटोबाट भित्रिने मालसामानको छोटी भन्सार पुर्नथापना नगरिँदा भारतसँग सीमा जोडिएका गाउँको बाटोबाट खुलेआम तस्करी हुने गरेको स्थानीयको भनाइ छ । छोटी भन्सार नभएका नाकाबाट पैदल, मोटरसाइकल र साइकलमा राखेर दैनिक ठूलो परिमाणको मालसामान राजस्व छलेर नेपाल भित्रिने गरेको प्रत्यक्षदर्शीहरूको भनाइ छ ।

जिल्लामा मुख्य भन्सार कार्यालय १ र छोटी भन्सार कार्यालय बेल्ही र पातो मात्र सञ्चालनमा छन् । सप्तरीको सिमाना भारतसँग खुला रहेकोले साइड नाकाहरूमा नेपाली सुरक्षाकर्मीको पातलो उपस्थिति रहेकाले भन्सार छली निकै हुने गरेको छिन्नमस्ताका स्थानीय विनोद यादवले बताए । उनले छोटी भन्सार नहुँदा अवैध आयात निर्यात लामो समयदेखि भइरहेकाले राज्यलाई लाखौंको नोक्सानी भएको बताए ।

# मधेस प्रदेशमा एसइई परीक्षामा ८१ हजार सात सय ६८ परीक्षार्थी सहभागी हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशबाट यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा धनुषाबाट सबैभन्दा बढी परीक्षार्थी सहभागी हुँदैछन् । यही चैत १५ गतेदेखि सुरु हुने एसइई मा मधेश प्रदेशबाट कूल ८१ हजार सात सय ६८ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालय जनकपुरधामले जनाएको छ ।

परीक्षामा मधेश प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी विद्यार्थी धनुषाबाट र सबैभन्दा कम संख्या सप्तरीबाट रहेका छन् । धनुषाबाट चार सय ८९ जना प्राविधिकतर्फका गरी १२ हजार दुई सय १४, सिराहाबाट १० हजार नौ सय २३, महोत्तरीबाट नौ हजार चार सय ३१, सर्लाहीबाट १० हजार आठ सय ९६, रौतहटबाट नौ हजार चार सय ६९, बाराबाट नौ हजार चार सय ४४, पर्साबाट १० हजार ६८ र सप्तरीबाट नौ हजार तीन सय २३ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

शिक्षा विकास निर्देशनालय जनकपुरधामका निर्देशक दिलीपकुमार ठाकुरले परीक्षाका लागि आवश्यक तयारी द्रुत गतिमा भइरहेको बताए । निर्देशक ठाकुरले आठ जिल्लामा गरी दुई सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको छ भने दुई सय ९५ केन्द्राध्यक्ष, पाँच सय ३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, आठ सय सात परीक्षा सहायक, एक हजार छ सय ३९ जना कार्यालय सहयोगी गरी जम्मा सात हजार छ सय ५८ जना कर्मचारी खटाइने बताए ।आवश्यक तयारी करिब पूरा भएका बताउँदै निर्देशक ठाकुरले मधेश प्रदेशका सबै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयमा उत्तरपुस्तिका र प्रश्नपत्र जिल्लास्थित जिल्ला प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिए । उनले यस प्रदेशमा एसइई परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रुपमा सम्पन्न गराउन आठवटा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण तथा अनुगमन गरिने बताए ।

त्यसैगरी, मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायत निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने निर्देशक ठाकुरले जानकारी दिए ।

# मिटरब्याजीको रु ११ करोड १५ लाख बढीको मिलापत्र गराइयो

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा परेको मिटरब्याजीसम्बन्धी निवेदनउपर कारबाही गरी ११ करोड १५ लाख बढीको मिलापत्र गराइएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले दिएको जानकारीअनुसार महोत्तरीका विभिन्न ठाउँबाट आएको अनुचित लेनदेन (मिटरब्याजी)सम्बन्धी विवादमा ११ करोड १५ लाख ३८ हजार चार सय ९२ को मिलापत्र गराइएको छ । उनका अनुसार जिल्लामा कूल दुई हजार आठ सय ३० मिटरब्याजसम्बन्धी निवेदन आएकामा ऋणी र धनी दुवै पक्षलाई बोलाएर एक हजार तीन सय ३९ निवेदनउपर छलफल गराई सात सय ५९ निवेदनमा मिलापत्र गराउन सफल भएर सो रकम बराबरको मिलापत्र गराइएको छ ।

त्यसैगरी, ऋणीबाट साहुद्वारा लिइसकिएको २० बिघा १३ धुर जग्गा पनि तिनै छलफलमार्फत फिर्ता गराउनसमेत सफल भएको प्रहरी नायब उपरीक्षक गिरीले बताए । अहिले जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजीसम्बन्धी निवेदनउपर दैनिक रुपमा निरन्तर छलफल, सुनुवाइ र कारबाही प्रक्रिया तीव्र गतिले अगाडि बढाइएको छ । निवेदनहरुमा मिलापत्र गर्ने/गराउने संख्यामा दिनानुदिन वृद्धि भइरहेको छ ।

पछिल्लो एक महिना (फागुनभरि) मा मात्रै जिल्ला प्रहरी कार्यालय एक सय ८६ निवेदनउपर छलफल गराउँदा एक सय ५५ निवेदनमा मिलापत्र गराउन सफल भएको हो । ती निवेदनबाट चार करोड ९० लाख एघार हजार तीन सय ३४ को मिलापत्र र सात बिघा १३ धुर जमिन फिर्ता गराइएको छ ।

# कमला पश्चिमी मूल नहर जलउपभोक्ता समिति चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला सिंचाइ व्यवस्थापन कार्यालय अन्तर्गत कमला पश्चिमी मूल नहर जलउपभोक्ता समिति गठन गरिएको छ ।

गणेशमान चारनाथ-९ का श्यामबाबु यादवको अध्यक्षतामा कमला पश्चिमी मूल नहर जलउपभोक्ता मूल समिति सर्वसम्मतले चयन गरिएको छ ।

समितिका उपाध्यक्षमा विदेह नपा-५ का संजीवकुमार यादव गोहिवार, सचिवमा सबैला नपा-१ का जगदिश यादव, सहसचिवमा गणेशमान चारनाथ-९ की रामजोती देवी यादव र कोषाध्यक्षमा शहीदनगर नपा-३ का बरुण कुमार यादव सर्वसम्मतले चयन भएको कमला सिंचाई व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्र कुमार यादवले जनाए ।

कमला सिंचाई पश्चिमी नहर प्रणालीको १२ हजार ५ सय हेक्टर कृषि योग्य जगामा सिंचाइ सेवा उपलव्ध गराउन १४.५ कि.मी मूल नहर ४ वटा शाखा नहर र १३ मूल नहरबाट प्रत्यक्ष निकालिएको उपशाखा नहर र शाखा नहरबाट निकालिएको ४६ प्रशाखा नहरले सिंचाइ सेवा दिदै आएको छ ।

यस प्रणालीको दिगो व्यवस्थापन संचालन र प्रणाली मर्मत सुधार एवं पानी संचालन गरी उपभोक्ताकृषकहरुलाईआवश्यकताको आधारमा सिंचाइ उपलव्ध गराउन नेपाल सरकारको उद्देश्य अनुसार ठूला सिंचाइ प्रणालीहरुमा संयुक्त व्यवस्थापन गर्ने नीतिगत एवं कानुनी व्यवस्था भएकोमा सोही अनुसार जलउपभोक्ता संस्थाको विकास सुदृढीकरण हुँदै आएको छ ।

कमला सिंचाइ व्यवस्थापन कार्यालयले जल उपभोक्ता प्रशाखा/शाखा र मूल समिति गठन गरी संयुक्त व्यवस्थापनमा प्रणालीको दिगो सञ्चालन पानी वितरण, नहर मर्मत सुधार एवं व्यवस्थापन गरी उपभोक्ता कृषकहरुलाई समयमा समतामूलक पानी वितरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गराई कृषकहरुको आर्थिक, सामाजिक अवस्थामा सकारात्मक सुधार गर्ने, स्वरोजगारको विकास गराइ व्यवसायिक कृषि पद्धतिको विकास गराउन, प्रणालीको मर्मत सुधार र पानी वितरणमा सहभागीमूलक सहभागिता परिचालन गराउन जलउपभोक्ता समिति गठन गरिएको छ ।

वर्तमान अवस्थामा जलवायु परिवर्तन, मौसमी प्रतिकूलता र कृषि पेशाप्रति मलखाद, बिउ तथा प्रविधि र वजारीकरणको अभावले ल्याएको कृषकमा नैराश्यताको निराकरण गर्न उपभोक्ता कृषकहरुको संगठित सहभागिता परिचालन गर्न अत्यावश्यक रहेको सिँचाई प्रमुख यादवले बताए ।

प्रशाखा, शाखा हुँदै मुल नहर जलउपभोक्ता समिति गठन गरिएको उनले बताए ।

# जनजाति महोत्सवले सांस्कृतिक निकटता बढ्यो



**टुडे समाचारदाता**

बर्दिबास । चौथो बर्दिबास जनजाति महोत्सव सम्पन्न भएको छ । फागुन २४ गतेदेखि सुरु भएको महोत्सवले करोडभन्दा बढीको कारोबार गर्दै मंगलबार सम्पन्न भएको जनाइएको छ ।

बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्रीले समापन समारोहलाई सम्बोधन गर्दै जनजाति महोत्सवले सांस्कृतिक निकटता बढाउनुका साथै जनजातिका पहिचानलाई स्थापित गर्न र शिथिल बनेको अर्थतन्त्रलाई केही मात्रामा भए पनि चलायमान गराउन सफल भएको बताए ।

नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् महोत्तरीले आयोजना गरेको चौथो महोत्सव एक लाखभन्दा बढीले अवलोकन गरेको गरेको जनाइएको छ । आयोजक सङ्घका अध्यक्ष धननारायण श्रेष्ठका अनुसार महोत्तरीमा बसोबास गर्ने मगर, भुजेल, तामाङ, नेवार, थारु, दनुवार, राई, मण्डल, माझीलगायत नौ प्रकारका जनजातिको उत्साहजनक सहभागिताले महोत्सवलाई जीवन्त बनाएको बताए । महोत्सवले जनजातिका भेषभूषा, संस्कृति र पहिचानलाई पुनर्जीवन प्रदान गरेको बताए । उनका अनुसार महोत्सवमा अनुमानित एक करोडभन्दा बढीको व्यापारिक कारोबार भएको छ ।

ग्रामीण कलाकारको जातीय विविधतासहितको धार्मिक सांस्कृतिक झाँकी, लोकसंस्कृतिमा आधारित गीत, नृत्य र रहनसहनका प्रस्तुतिले महोत्सवको सुनमा सुगन्ध थपेको थियो ।

स्थानीय पहिचान र उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले विगत चार वर्षदेखि मधेश प्रदेशकै 'ब्राण्ड' बनेको जनजाति महोत्सव यो पटक भने आर्थिक मन्दीको मारमा परेको व्यवसायीको दुःखेसो छ ।

महोत्सव ठेकेदार ढावा लामाले यो वर्ष अपेक्षाकृत दर्शक नै नआएको बताए । उनका अनुसार १५ दिने महोत्सवमा दुई लाख जति दर्शक आउने अनुमान गरिए पनि आधा जतिले मात्र अवलोकन गरेका थिए ।

महोत्सवमा थारु, मगर, नेवार, दनुवार लगायतका जनजातिले पहिचानसहितको विविध सांस्कृतिक कार्यक्रमको आयोजनाले महोत्सवलाई जीवन्त र स्मरणीय बनाएको थियो ।

**मुखको स्वस्थ्यमा ध्यान दिऔं**

**दाँत र मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा :**

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादारखाना,फलफूलरहरियोसागसब्जीसेवनगरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खानाखाईसकेपछिराम्रोसंगब्रसवाकुल्लागर्नेगरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८